## भारत हुँदै मानव तस्करी

काठमाडौं । सरकारले भिजिट भिसामा कडाइ गरेपछि रुट परिवर्तन गरेर भारतको बाटो हुँदै मानव तस्करी गरेको पाइएको छ। भारतको बाटो हुँदै खाडी मुलुकमा तस्करी भइरहेको अध्यागमन विभागका महानिर्देशक नारायणप्रसाद भट्टराईले बताए।

सेटिङ मिलाएर भिजिट भिसामा खाडीलगायत मुलुक जाने र उतै काम गर्ने गरेको पाइएको छ। आकर्षक रोजगारीको प्रलोभनले तीन/चार लाख रुपैयाँसम्म तिरेर भिजिट भिसामा जाने गरेको अध्ययनका क्रममा भेटिएको छ। अध्यागमन **बाँकी ८ पेजमा**


जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक


## क्यासिनोको रोयल्टी बक्यौता

काठमाडौं । क्यासिनो तथा मिनी क्यासिनोहरूले सरकारलाई १ अर्ब १२ करोड रुपैयाँ रोयल्टी तिरेका छैनन्। सञ्चालनमा रहेका ७ कम्पनीअन्तर्गत सञ्चालित १५ वटा क्यासिनोको रोयल्टी उठ्न बाँकी देखिएको हो।

होटल टाइगर वन र होटल सांग्रिला परिसरमा सञ्चालित क्यासिनोबाहेकको लामो समयदेखि बक्यौता रहेको पर्यटन विभागका महानिर्देशक तारानाथ अधिकारीले बताए। सरकारले काठमाडौंस्थित होटल याक एन्ड यती परिसरमा सञ्चालित रोयल क्यासिनो बन्द गर्न निर्देशन दिएको छ। २०७० सालमा जारी भएको **बाँकी ८ पेजमा**


वर्ष १० अंक ३०, २०७८ साल फागुन १३ गते शुक्रबार, नेपाल संवत् ११४२ (Feb. 25, 2022) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–


# भूराजनीतिक भुमरीको चपेटामा नेपाल

काठमाडौं । जनविरोध र आन्दोलनकाबीच ८ गते संसदमा पेस भएको एमसीसी पास फेलको निर्णायक चरणमा पुगेको छ । यसले गठबन्धनको भविष्यलाई संकटमा धकेलेको छ भने मुलुक भूराजनीतिक भुमरीमा फँस्दै गएको छ ।



सरकारको नेतृत्व गरिरहेको नेपाली कांग्रेस सम्झौतालाई जस्ताको तस्तै पारित गराउन खोजिरहेको छ। प्रधानमन्त्री देउवा एमसीसी संसदबाट अनुमोदन गराउन जस्तोसुकै मूल्य पनि चुकाउन तयार देखिएका छन् । गठबन्धनलाई भन्दा एमसीसीलाई देउवाले प्राथमिकता दिएका कारण जुनसकै बेला गठबन्धन तोडिने सम्भावना प्रबल बनेको छ। एमसीसी पास गराएरै छोड्ने प्रधानमन्त्रीको 'मुभ' ले फेरि अर्को तेस्रो जनआन्दोलनलाई आमन्त्रण गर्न सक्ने तर्क राजनीतिक विश्लेषकहरूले संकेत गर्न थालेका छन् ।

देउवा तिनै प्रधानमन्त्री हुन् जसले २५ वर्षअघि राष्ट्रघाती महाकाली सन्धि पारित गराएका थिए । तर अहिलेसम्म त्यसको डिपिआरले अहिलेसम्म पूर्णता पाउन सकेको छैन। महाकाली सन्धिमा भारतले पाउने पानीको मात्राबारे उल्लेख गरिएन । न त महाकाली नदीको उद्गम बिन्दु नै पहिचान गरियो । जसका कारण नेपालले हिउँदमा आठसय, वर्षामा २३ सय पानी पिउने सन्धिमा उल्लेख भए पनि अहिले शारदा ब्यारेजबाट मुश्किलले हिउँदमा १५० र वर्षायाममा ६५० क्युसेक पानी मात्र पाइरहेको छ । जबकि महाकालीमा हिउँदमा १० हजार क्युसेक र वर्षामा दुई लाख क्युसेकभन्दा बढी पानी बग्छ। सीमा नदीमा दुवै देशको आधा आधा जबकि हक लाग्छ ।

सन्धि गर्दा महाकालीको उद्गम स्थलको पहिचान गरिएको भए आज भारतले कालापानी, लिम्पियाधुरा र लिपुलेक कब्जा गरी आफ्नो नयाँ मानचित्रमा गाभ्ने दुष्प्रयास गर्न सक्दैनथ्यो । महाकालीको उद्गमस्थल लिम्पियाधुरा हो तर भारतले महाकालीवारिको खोल्सोलाई महाकाली नदी भनी झन्डै भक्तपुर जिल्ला बराबरको भूक्षेत्र आफ्नो नियन्त्रणमा लिइरहेको अवस्था छ । भारतले अतिक्रमण गरेको नेपाली भूभाग फिर्ता ल्याउन कूटनीतिक पहल गर्नु त परै जाओस् अर्को एमसीसी सम्झौता पारित गराएर प्रधानमन्त्री देउवा गम्भीर राष्ट्रघात गर्न उद्यत देखिएका छन् । जसरी महाकाली सन्धिमा भारतले नेपाली नेताहरूको रणनीतिक प्रयोग गरेर पानी लगेको थियो, अहिले अमेरिका एमसीसी नामक चारो फालेर नेपालमा अड्डा जमाउने रणनीतिमा सफल हुँदैछ ।

एमसीसीको विषयमा नेपाल अमेरिका र चीनको द्वन्द्वको भुमरीमा फस्ने संकेतहरू सतहमै देखिन थालेका छन्। पछिल्ला राजनीतिक गतिविधिले नेपालमा भौगोलिक, राजनीतिक, सामाजिक, साँस्कृतिक र धार्मिक रुपमा विश्व समुदायको ध्यानाकृष्ट भइरहेको छ । अमेरिकी सहयोग परियोजना एमसीसी र चिनियाँ सहयोग बीआरआईले थप कूटनीतिक संकट उत्पन्न गराउँदैछ। एमसीसीकै विषयमा यतिबेला अमेरिका र चीन आमनेसामने देखिएका छन् । नेपाली राजनीति पनि ध्रुवीकृत बनेको छ। पछिल्लो पटक चीनले अमेरिकी सहयोग नियोग मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सम्झौता नेपालका लागि उपहार हो या प्यान्डोराज बक्स भनेर प्रश्न गरेको छ ।

चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता हुआ चुनयिङले बुधबार नियमित पत्रकार सम्मेलनमा एमसीसी सम्झौताबारे अमेरिकी अधिकारीहरूको भनाइप्रति प्रतिक्रिया जनाउँदै यस्तो प्रतिक्रिया दिएकी हुन्। उनले नेपालस्थित अमेरिकी दुताबासले ५ सय मिलियन डलरको एमसीसी सहयोग अमेरिकी जनताबाट नेपाली जनतालाई उपहार भएको भनाइ उद्धृत गर्दै भनिन्– 'मलाई आश्चर्य लागेको छ जब उपहार आउँछ, त्यो एसटा चेतावनीको प्याकेटका रुपमा कसरी आउन सक्छ ? उनले नेपाली जनताले यसलाई हेर्दा राम्रो देखिने तर चपाउन नसकिने मासु भन्छन् कि भन्ने आफूलाई डर लागेको बताइन् । एमसीसी संसदबाट अनुमोदन नभएमा नेपाल र अमेरिकाबीचको सम्बन्धमा असर गर्ने भन्ने अमेरिकी विदेश मन्त्रालयका प्रवक्ताको भनाइलाई आफूले नोटिस गरेको बताएकी छन् ।

चीनले अन्तर्राष्ट्रिय विकास सहयोग अघि बढाउँदा परस्पर आदर र समानताको सिद्धान्तलाई कायम गर्नुपर्छ भन्ने कुरामा विश्वास गर्ने बताएकी छन् । नेपालको सम्प्रभूता र नेपाली जनताको चाहनालाई सम्मान गर्नुपर्ने, आन्तरिक मामिलामा हस्तक्षेप गर्न नहुने उनको भनाइ छ । कुनै राजनीतिक स्वार्थ र बलपूर्वक कूटनीतिक प्रयोग गर्न नहुने र आफ्नो स्वार्थ पूरा गर्न कसैको सम्प्रभूता हितमाथि असर पार्ने काम गर्न नहुने उनको भनाइ छ ।

गत साता चिनियाँ विदेश मन्त्रालयका चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले नियमित पत्रकार सम्मेलनमा नेपालको आर्थिक विकास र नेपाली जनताको जीवनस्तरमा योगदान पुऱ्याउन अन्तर्राष्ट्रिय समुदायले गर्ने विकास सहयोगको चीनले स्वागत गर्ने तर यस किसिमका सहयोगले नेपाली जनताको चाहनालाई पूर्ण सम्मान गर्नुपर्ने बताएका थिए। उनले भनेका थिए– त्यस्ता सहयोगमा राजनीतिक स्वार्थ जोडिनु हुँदैन । नेपालको सम्प्रभूता र हितमा असर पुऱ्याउने गरी धम्कीपूर्ण कूटनीतिका माध्यमबाट आफ्नो स्वार्थ अघि बढाउने कुराको हामी विरोध गर्छौं । नेपालको निकट छिमेकी र विकास साझेदारका हिसाबले सधैंजस्तो स्वतन्त्रतापूर्वक नेपाली जनताले छनौट गर्ने विकासको पथलाई चीनले साथ दिने उनले बताएका थिए । **बाँकी ८ पेजमा**

## विद्युत् किन्न भारतका तगाराहरू

काठमाडौँ । नेपाल-भारत ऊर्जा सचिवस्तरीय संयुक्त संयन्त्र 'ज्वाइन्ट स्टेयरिङ कमिटी' (जेएससी) को नवौं बैठक हिजोदेखि सुरु भएको छ । बैठकमा अन्तरदेशीय विद्युत् व्यापारको विषयलाई महत्वपूर्ण एजेन्डाका रूपमा उठाइने ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ। जेएससी बैठकअघि बुधबार सहसचिवस्तरीय संयुक्त संयन्त्र 'ज्वाइन्ट वर्किङ ग्रुप' (जेडब्लूजी) को बैठक बसेको थियो। उक्त बैठकले जेएससीमा अन्तिम छलफलका लागि लगिने एजेन्डाहरूको टुंगो लगाएको छ। नेपाल-भारतबीच विद्युत् व्यापारका लागि बाटो खुलिसके पनि अहिलेको अवस्था सहज छैन। बजारका लागि नीतिगत अप्ठ्यारा एकातिर छन् भने प्रसारण लाइनलगायत पूर्वाधार नहुँदा नेपालले चाहेजति विद्युत् बेच्न सकिरहेको छैन। वर्षायामको विद्युत् खेर जाने अवस्था छ। नेपालको विद्युत् **बाँकी ८ पेजमा**

## व्यापार घाटा बढ्यो

चालु आर्थिक वर्षको पहिलो सात महिनामा मुलुकको वैदेशिक व्यापार ४६ दशमलव ४३ प्रतिशतले वृद्धि भएको छ । गत आर्थिक वर्षको पहिलो सात महिनामा आठ खर्ब ७३ अर्ब ५६ करोड रहेको मुलुकको वैदेशिक व्यापार चालु आर्थिक वर्षको सोही अवधिमा १२ खर्ब ७९ अर्ब १२ करोड पुगेको छ। वैदेशिक व्यापारमा वृद्धि भएतापनि मुलुकको आयातमुखी वैदेशिक व्यापारका कारण व्यापार घाटा चुलिँदो छ । भन्सार विभागले मंगलबार सार्वजनिक गरेको तथ्यांक **बाँकी ८ पेजमा**

## कलाकार लामाको निधन



भक्तपुर । चर्चित लोकगायक तथा कलाकार जयनन्द लामाको ६६ वर्षको उमेरमा निधन भएको छ। उनी सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका २ धार्पा पुर्ख्यौली घर भई लामो समयदेखि भक्तपुरको मध्यपुरथिमि नगरपालिका-३ कौशलटारमा स्थायी रूपमा बस्दै आएका थिए । सचेत मार्गस्थित **बाँकी ८ पेजमा**

## कर्जा प्रवाहमा राष्ट्रबैंकको कडाइ

काठमाडौं । जोखिम भार बढाएर नेपाल राष्ट्र बैंकले व्यक्तिगत ओभरड्राफ्ट, व्यक्तिगत सवारी साधन खरिद, रियल इस्टेट, सेयर धितोलगायत तुलनात्मक रूपमा अनुत्पादक भनिएका क्षेत्रको कर्जामा कडाइ गरेको छ।

जोखिम भार बढेपछि तोकिएको क्षेत्रमा कर्जा प्रवाह गर्दा बैंकले अतिरिक्त पुँजी (पुँजी कोष अनुपात) को व्यवस्था गर्नुपर्ने भएकाले उनीहरूको कर्जा प्रवाह क्षमता घट्छ। अतिरिक्त पुँजी व्यवस्था गर्नुपर्दा बैंकको लागत बढ्छ। लागत बढेपछि बैंकहरूले कर्जाको ब्याज तय गर्दा प्रियिमय **बाँकी ८ पेजमा**

## युरोपेली युनियनलाई उछिन्दै चीन

काठमाडौं । छिमेकी मुलुक चीनको अर्थतन्त्रले पहिलो पटक युरोपेली युनियनको समग्र अर्थतन्त्रलाई उछिनेको छ । सन् २०३० सम्ममा विश्वकै ठूलो अर्थतन्त्र बन्ने अनुमानबीच चीनले युरोपेली युनियनको अर्थतन्त्रलाई उछिनेको हो ।

यसै हप्ता युरोपियन स्टाटिस्टिकल अफिसले सार्वजनिक गरेको तथ्यांकअनुसार गत वर्ष युरोपेली युनियन (इयु) को कुल गार्हस्थ्य उत्पादन ५.२ प्रतिशतले वृद्धि भएको थियो । २०२० मा हालसम्मकै ठूलो आीर्थक मन्दी बढेको हो । इयुमा गत वर्ष भने जीडीपी बढेको हो । गत वर्ष समग्र युरोपेली युनियनको कुल गार्हथ्य उत्पादन (जीडीपी) १७ ट्रिलियन डलरभन्दा केही बढी थियो । चीनको **बाँकी ८ पेजमा**

## एक खर्बको निर्यात हुँदा ११ खर्बको आयात

काठमाडौं । पछिल्लो समय मुलुकको व्यापार घाटा अचाक्ली बढेको छ । आयात प्रतिस्थापन गर्न सकिने वस्तुको समेत आयात तीव्र रूपमा बढेपछि घाटा चुलिएको हो । चालु आर्थिक वर्षका ७ महिनामा व्यापार घाटा १० खर्ब रुपैयाँ नाघेको भन्सार विभागले मंगलबार सार्वजनिक गरेको विवरणले देखाएको छ ।




आर्थिक वर्ष २०७७/७८ को तुलनामा यो रकम ३८.४५ प्रतिशत बढी हो । २०७७/७८ मा व्यापार घाटा ७ खर्ब ३३ अर्ब ७२ करोड रहेकामा अहिले बढेर १० खर्ब १५ अर्ब ८० करोड रुपैयाँ पुगेको छ ।

मुलुकबाट करिब १ सय ४८ मुलुकसँग व्यापार हुन्छ । आयातमुखी व्यापार हुँदा धेरैजसो मुलुकसँग व्यापार घाटा छ । ७ महिनामा ११ खर्ब ४७ अर्ब ४६ करोड रुपैयाँको आयात भएको विभागको तथ्यांक छ । यो रकम गत वर्षको पहिलो ७ महिनाको तुलनामा ४२.७८ प्रतिशत बढी हो । गत वर्ष ८ खर्ब ३ अर्ब ६४ करोड रुपैयाँको आयात भएको थियो । कृषिजन्य वस्तुको आयात बढ्दा व्यापार घाटा उच्च देखिएको जानकारहरू बताउँछन् । 'भटमास स्वदेशमै उत्पादन गर्न सकिन्छ, व्यावसायिक खेतीको सम्भावना पनि छ । तर, विडम्बना आयात हुने वस्तुमा भटमासको कच्चा पदार्थ दोस्रो स्थानमा छ,' वाणिज्य तथा आपूर्ति मन्त्रालयका पूर्वसहसचिव रवि सैंजूले भने, 'भटमासबाहेक अन्य कृषिजन्य वस्तुको आयात पनि उच्च छ ।' भन्सार विभागका अनुसार ७ महिनामा ३९ अर्ब ६६ करोडको भटमासको कच्चा पदार्थ आयात भएको छ । गत वर्षको पहिलो ७ महिनामा भने २० अर्ब ९८ करोडको आएको थियो ।

सरकारले घोषणा गरेको तुलनात्मक लाभका वस्तुबाट पनि पर्याप्त फाइदा लिन नसकेको सैंजू बताउँछन् । अन्तर्राष्ट्रिय बजारमा माग भए पनि समयमै उत्पादन बढाउन नसकिएको उनको भनाइ छ । आपूर्ति चक्रको सही व्यवस्थापन र पूर्वदेखि पश्चिमसम्म यातायात सहज नहुँदा पनि उत्पादन र बजारमा समस्या देखिएको सैंजूले बताए । मुलुकको व्यापार आयातमुखी भएकाले घाटा बढ्ने क्रममा छ । कृषिजन्य वस्तुसँगै सुन, मोबाइल, सवारीसाधन, इलेक्ट्रोनिक पनि आयात नै गर्नुपर्छ । इन्धनले व्यापार घाटा झन् बढाएको छ । आयात हुने वस्तुमा पहिलो नम्बरमा डिजेल रहेको विभागको तथ्यांक छ । ७ महिनामा ७२ अर्ब ९७ करोड रुपैयाँको डिजेल आएको छ । जब कि गत वर्षको ७ महिनामा ३९ अर्ब ७० करोडको आएको थियो । दोस्रो नम्बरमा भटमास तेल छ । यस अवधिमा ३९ अर्ब ६६ करोड रुपैयाँको भटमासको कच्चा पदार्थ आएको विभागले बताएको छ । तेस्रो नम्बरमा ३४ अर्ब ६९ करोड रुपैयाँको खाना पकाउने एलपी ग्यासको आयात भएको छ । **बाँकी ८ पेजमा**

## चीनका विदेशमन्त्रीको भनाइ सकारात्मक

काठमाडौं । नेकपा मालेले स्थायी कमिटीको बैठकमार्फत केही महत्वपूर्ण निर्णयहरू एक विज्ञप्तिमार्फत सार्वजनिक गरेको छ । पार्टीका महासचिव सीपी मैनालीद्वारा हस्ताक्षरित विज्ञप्तमा भनिएको छ- '२०७८ फागुन ७ गते पार्टी केन्द्रीय कार्यालय, रातोपुल, काठमाण्डौमा सम्पन्न नेकपा (माले) को स्थायी कमिटीको **बाँकी ८ पेजमा**

## युक्रेनमा नबस्न परराष्ट्रको अनुरोध

काठमाडौं । पछिल्लो समय रुस र युक्रेनबीच तनाव बढ्दै गएपछि परराष्ट्र मन्त्रालयले अति आवश्यक कामबाहेक युक्रेनमा नबस्न त्यहाँका नेपालीहरूलाई अनुरोध गरेको छ । बुधबार मन्त्रालयले जरुरी सूचना सार्वजनिक गर्दै यस्तो अनुरोध गरेको हो । अत्यावश्यक परेर त्यहाँ बस्नु परेमाबाहेक **बाँकी ८ पेजमा**

## रूस-युक्रेनबीच किन चर्कियो द्वन्द्व ?


**समय सन्दर्भ**

● **एजेन्सी**

काठमाडौं । सोभियत गणतन्त्र हुनुअघि शताब्दीयौंसम्म रूसी साम्राज्यको पाटो थियो युक्रेन । युक्रेनले सन् १९९१ मा सोभियत संघ टुटेपछि स्वतन्त्रता प्राप्त गऱ्यो । उसले रूसी साम्राज्यवादी विरासत त्याग्न पश्चिमसँग झन्-झन् घनिष्ट सम्बन्ध गाँस्न थाल्यो ।

क्रेमलिन झुकाब भएका तत्कालीन युक्रेनी राष्ट्रपति भिक्टर यानुकोभिचले मस्कोसँग घनिष्ठ सम्बन्धका पक्षमा युरोपेली संघसँगको सहयोगी सम्झौतालाई अस्वीकार गर्ने निर्णय गरे । यस निर्णयले जनविद्रोह निम्त्यायो र सन् २०१४ मा उनलाई नेताबाट हटाइयो ।

रूसले युक्रेनको क्रिमियन प्रायद्वीपलाई गाभ्यो । यसले युक्रेनको पूर्वमा सुरु भएको पृथकतावादी विद्रोहका पछाडि आफ्नो समर्थन जनाएर प्रतिक्रिया दियो । रूसले विद्रोहीलाई समर्थन गर्न आफ्ना सेना र हतियार पठाएको आरोप युक्रेन र पश्चिमा देशले लगाए । मस्कोले त्यसलाई अस्वीकार गर्दै पृथकतावादीमा सहभागी भएका रुसी स्वयंसेवक भएका बतायो । युक्रेनको पूर्वी औद्योगिक केन्द्र डोनबासलाई ध्वस्त पारेको लडाइँमा १४ हजारभन्दा



बढीको मृत्यु भएको थियो । युक्रेनलाई हतियार उपलब्ध गराएको र संयुक्त अभ्यास आयोजना गरेकोमा अमेरिका र यसका नाटो सहयोगीको कडा आलोचना मस्कोले गरेको छ । यस्ता कदमले युक्रेनीलाई बल प्रयोग गरी विद्रोही-नियन्त्रित क्षेत्रहरू पुनः प्राप्त गर्ने प्रयासमा प्रोत्साहित गरेको बताइएको छ ।

पुटिनले युक्रेनको नाटोमा सामेल हुने आकांक्षा 'रातो घेरा' भएको बारम्बार बताउँदै आएका थिए। उनले युक्रेनमा सैन्य प्रशिक्षण केन्द्रहरू स्थापना गर्ने केही नाटो सदस्यको योजनाबारे पनि चिन्ता व्यक्त गर्दै आएका थिए । रुसी समर्थित विद्रोहीहरूले सन् २०१४ मा लुहान्स्क र दोनेत्स्कमा कब्जा जमाएका थिए । त्यहाँ तैनाथ करिब १५ हजार विद्रोहीले रूसलाई आक्रमणको अवस्थामा मद्दत गर्न सक्ने अनुमान गरिएको थियो ।

अमेरिकाको पछिल्लो अनुमानअनुसार युक्रेनको सीमामा करिब १ लाख ६९ हजारदेखि १ लाख ९० हजारसम्म रूसी सैनिक तैनाथ छन् । यी सैनिक रूस र छिमेकी बेलारुसमा छन् । तिनीहरूमा पूर्वी युक्रेनको विद्रोही समूहका मानिस पनि समावेश छन् । रुसले संयुक्त सैन्य अभ्यासका लागि बेलारुसमा आफ्ना ३० हजार सैनिक तैनाथ गरेको छ । यी सैनिकसँग छोटो दूरीको मिसाइल र ठूलो संख्यामा रकेट लन्चर छन् । यी सैनिकहरूसँग एसयू-२५ ग्राउन्ड अट्याक एयरक्राफ्ट र एसयू-३५ लडाकु विमान रहेको पनि बताइएको छ ।

युक्रेन टुक्याउन रूसले हस्तक्षेप बढाएको छ । रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले पृथकतावादी नियन्त्रित दुई क्षेत्रलाई स्वतन्त्र राज्यको मान्यता दिएका छन् । जसमा स्वघोषित जनगणतन्त्र दोनेत्स्क र लुहान्सक छन् । जुन रूसमर्थित विद्रोहीको पकड क्षेत्र हुन् । जहाँ विद्रोहीले सन् २०१४ देखि युक्रेनी सेनासँग लडिरहेका छन् । रूसले त्यहाँ आफ्नो सेनाले शान्ति स्थापना गर्ने बताएको छ । अमेरिकाले भने यसलाई 'बकवास'को संज्ञा दिएको छ ।

पुटिनको घोषणासँगै उक्त क्षेत्रमा शान्ति वार्ता समाप्त हुन सक्ने देखिएको छ । पुटिनले सोमबार टेलिभिजन सम्बोधनमार्फत युक्रेन एक सच्चा राष्ट्र रहेको कुनै इतिहास नभएको तर्क गरे । उनले **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

**आजीवन सल्लाहकार**
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

### विवादको भुवरीमा एमसीसी

अमेरिकी सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सम्झौता अहिले निर्णायक मोडमा पुगेको छ । निकै ठूलो तनावको बीच फागुन ८ गते संसदमा टेबुल भएको एमसीसीबारे लामो समयदेखि मुलुकभित्र गम्भीर बहस चलिरहेको छ । एमसीसी सम्झौताका केही विवादित बुँदाहरू सच्याउनेतर्फ अमेरिकाले चासो देखाएको छैन । एमसीसीका कारण मुलुकभित्र बढ्दै गएको तनावले अमेरिका मात्र होइन, उत्तरको छिमेकी चीनको समेत ध्यानाकर्षण भएको छ । यसै विषयलाई लिएर चीन, अमेरिकाले छुट्टाछुट्टै विज्ञप्तिमार्फत आफ्ना धारणा सार्वजनिक गरेका छन् । नेपाली जनताले एमसीसीका विवादास्पद बुँदाहरू सच्याउन होइन भने एमसीसी फिर्ता लैजान जस्तोसुकै दबाब सिर्जना गरे पनि अमेरिका टसको मस भएको देखिँदैन । एमसीसी पक्षधर नेपाली कांग्रेस लगायतका शक्तिहरू एमसीसी अत्यन्तै राम्रो प्रोजेक्ट भएकाले यसले नेपालको आर्थिक रूपमा कायापलट गराउने तर्क गरिरहेका छन् । जस्तोसुकै मूल्य चुकाएर पनि एमसीसी संसदबाट पारित गराएरै छाड्ने र राष्ट्रघाती एमसीसीलाई कुनै हालतमा पास हुन नदिने बीच भएको द्वन्द्वले मुलुकमा गम्भीर परिस्थिति उत्पन्न भएको छ ।

वर्तमान राजनीतिको केन्द्रमा देखिएका सबै दलहरू मुछिएको एमसीसी अत्यन्तै विवादित बन्न पुगेको छ । सर्वसाधारण जनता समेत एमसीसीको पक्ष, विपक्षमा विभाजित भएका छन् । विगतमा मुलुककै ठूलो कम्युनिस्ट पार्टी एमाले महाकाली सन्धिका कारण विभाजित हुन पुगेको थियो । अहिले एमसीसीका कारण सत्ता गठबन्धन टुट्ने मात्र होइन, विभिन्न दलहरू फुट्न सक्ने सम्भावना बढिरहेको छ । प्रमुख प्रतिपक्षीका रूपमा रहेको एमाले एमसीसीको आगोमा आफ्नो राजनीतिक रोटी सेकिरहेको छ । प्रधानमन्त्री देउवाले एमसीसी पास गर्न मागेको सहयोगमा एमाले अध्यक्ष ओलीले सत्ता गठबन्धन भत्काउनुपर्ने शर्त तेर्स्याएका छन् । सभामुखको कुर्सी पनि एमालेको बार्गेनिङमा परेको छ । एमालेका नेता भीम रावल पहिल्यैदेखि ठूलो एमसीसी विरोधी बन्दै आएका छन् । सत्ता गठबन्धनभित्रका माओवादी र समाजवादीले त एमसीसी टेबुल हुने दिने आफ्ना कार्यकर्ता सडकमा उतारेर विरोध गरेका थिए । उता डा.बाबुराम भट्टराई र उपेन्द्र यादव पनि पक्ष विपक्षमा उभिएका छन् । साना कम्युनिस्ट घटकहरू, राप्रपा सबै एमसीसीको विरोधमा आन्दोलित बनेका छन् । मुलुकलाई अस्थिरतातर्फ धकेल्ने एमसीसी यत्रो ठूलो विरोधका बीच पारित गर्ने चेष्टा गरियो भने यसले नेपालमा ठूलो अशान्ति मच्चिन सक्ने खतरा स्पष्ट देख्न सकिन्छ ।

अमेरिकाले एमसीसीमार्फत निष्कपट र चोखो मनले सहयोग गर्न खोजेको हो भने यसलाई संसदमा पारित गर्नुको कुनै औचित्य नै थिएन । अरू सहयोग जस्तै एमसीसीलाई सहज ढंगले लागू गराउन अमेरिकाले निशर्त रूपमा सहयोग गर्न सक्नुपर्थ्यो । विवादास्पद धारा, दफामा अल्झाएर नेपाली जनतालाई द्वन्द्वको भुमरीमा फसाउने षड्यन्त्रका रूपमा आएको एमसीसी अस्वीकार्य छ । एमसीसी प्रोजेक्ट रहने स्थाानका जमिनहरू एमसीसीका नाममा खरिद गरेको र त्यसको लालपुर्जा समेत आइसकेकाले नेपालको सार्वभौममाथि ठाडो हस्तक्षेपका रूपमा एमसीसी देखिन्छ । एमसीसीका कर्मचारीलाई नेपाली कानुन नलाग्ने, एमसीसीका दफा नेपालको कानुन र संविधानभन्दा माथि हुने, एमसीसीको अडिट महालेखा परीक्षकले गर्न नपाउने जस्ता विवादास्पद बुँदाकै कारण एमसीसीले ठूलो विरोध झेल्नु परेको छ । लोभलालच र पैसामा बिक्री हुने नेपालका आर्थिक क्षेत्रका विज्ञहरू जो एमसीसी सम्झौतामा संलग्न थिए ती अहिले जनताका नजरमा घाँस खाने पशुतुल्य देखिएका छन् । जनताले नरूचाएको एमसीसी अब कुनै हालतमा संसदबाट पास गरिनु हुन्न । जबरर्जस्ती गर्न खोजे त्यसको मूल्य पक्षधरहरूलाई ज्यादै महँगो पर्ने निश्चित छ ।

# संघियता आफैं धरापमा : अब जोगाउने कस्ले ?



**सुरेन्द्र ढकाल**

हतियार चलाउन जानेन भने त्यसले आफैंलाई काट्छ, आगो सल्काउन जानेन भने त्यसले आफैंलाई खरानी बनाउँछ । पैसा र पदको सदुपयोग गर्न जानेन भने त्यसैले आफैंलाई सडकछाप बनाउँछ । नेपालको परिप्रेक्ष्यमा संघीयता अहिले आफैं क्रमशः धरापमा परिरहेको छ । संवैधानिक कानुनअनुसार संविधान जुन बहुमतबाट अनुमोदित भयो त्यही बहुमतबाट मात्रै संशोधन गर्ने व्यवहार भएमा संविधानको दुरुपयोग हुँदैन ।


नेपालको गणतन्त्रात्मक संविधान दुईतिहाईभन्दा बढीको बहुमतले पारित भएको थियो । तर दलगत निहित स्वार्थको कारण बहुमतको त कुरै नगरौं अध्यादेशबाट संविधान संशोधन गरी पार्टी फुटाल्ने र जोडने अनि अध्यादेश संसदबाट अनुमोदन नगराई आफ्नो स्वार्थ सिद्ध गरी खारेज गर्ने काम राजनीतिक दलहरूले गरेको कारण अहिले संसद पंगु बनेको छ । संसद पंगु बन्नु भनेको सरकारले काम नपाउनु हो । सरकार झन पंगु बनेको छ ।

पद पैसामा भागबण्डा खोज्दा उता न्यापालिकाको हालत त्यस्तै छ । राज्यका तीन अंग पंगु भएपछि कति दिन चल्ला र संघीयता ? अर्कोतर्फ राष्ट्रपतिदेखि वडा सदस्यसम्मले पाउने तलबभत्ता, सरसुविधाको कारण साधारण खर्च चुलिएको छ र विकास खर्च कटौतीमा परेको छ । कटौति भएर आएको विकास खर्च पनि आर्थिक वर्षको ९ महिना बित्दासमेत २० प्रतिशतसम्म पनि खर्च गर्न गारो देखिएको छ । अनि यस्तो संघीयताले समृद्धि ल्याउला त ?










विदेशी मुद्राको संचितीमा ह्रास आएको कारण अब आयात गरेर खाउला वा ख्वाउला भन्ने दिन अस्त हुँदैछ । श्रीलंका सरकार विदेशी मुद्राको अभावमा तेल किन्न असमर्थ भएको कारण त्यहाँ तेल संकट चुलिएको छ । नेपालमा त तेलमात्रै होइन चामल, तरकारी, फलफूल सबै आयातबाट पूर्ति गरिन्छ भने नेपालमा खस्कँदै गएको विदेशी मुद्राको संचितिले भयावह आर्थिक अवस्था नमित्याउला भन्न सकिन्न । त्यसो भयो भने त्यसको दोष संघीयताले लिने कि नलिने ?

हिजो पञ्चायतकालमा गाउँ वा नगर पंचायत अनि जिल्ला पञ्चायतका पञ्चहरूले कुनै तलब भत्ता पाउँदैनथे । साधारणभन्दा विकास बजेट बढी बनाउने कोसिस गरिन्थ्यो र पञ्चायत ३० वर्ष चलेको रहेछ भनेर अहिले स्पष्ट हुँदैछ । पञ्चायतकालमा हिजो नेपालबाट धान चामल निर्यात गरिन्थ्यो । खै त्यो पञ्चायतको राम्रो कुराले निरन्तरता पाएको ?

असंलग्न परराष्ट्र नीतिको राम्रो कार्यान्वयन भएको कारण एकातर्फ अमेरिका र सोभियत संघ अर्कोतर्फ भारत र चीन दुवैसँग विकास योजनाका लागि सहयोग लिन सरकार समर्थ भएकै कारण त्रिभुवन राजपथ, कोदारी राजमार्ग, पूर्व–पश्चिम राजमार्ग, धनगढी–डडेलधुरा राजमार्ग, पृथ्वी राजमार्ग अनि सिद्धार्थ राजमार्ग बनी नेपाल भौगोलिक रुपमा आफ्नै यातायातबाट जोडिएको थियो । देशलाई आवश्यक कपडा, टायर, चिनी, जुत्ता औषधी देशमै उत्पादन हुन्थ्यो, गलैंचा, पस्मिनाको निर्यातले देशले अरबौंको डलर आर्जन गर्थ्यो । असंलग्नताको उचित प्रयोग गर्न नजान्दा वैदेशिक अनुदान पनि नपाइने, पाइयो भने पनि विवादमा पर्न गई नेपाल शक्तिराष्ट्रको चँगुलमा फस्न पुग्ने तथ्य अहिले एमसीसी प्रकरणले प्रष्टै पारेको छ । खोई संघीयताले कुनै त्यस्तो सकारात्मक आर्थिक अवस्था सिर्जना गरेको छ अहिले ? डोऱ्यायो त संघीयताले देशलाई समृद्धितिर ?

नेपाल भन्ने देश हिमाल पहाड र तराई जोड्दा मात्रै बन्छ भन्ने शास्वत सत्यलाई नकारी मधेस प्रदेश बनाइयो । बेलैमा यस मधेस प्रदेशमा दोलखा, सिन्धुली रामेछाप जोडी, त्यहाँबाट बारा, पर्सा, रौतहटलाई बागमती प्रदेशमा नल्याउने हो भने यही संघियताको कारण देश विखण्डन हुन बेर लाग्ने छैन । संघीय संसदहरू पंगु अवस्थामा छन् । केन्द्रको राजनीतिक खिचातानीको कारण प्रदेशहरूमा ४ वर्षमा तीनवटासम्म सरकार परिवर्तन हुने, दलगत भागबण्डा मिलाउन प्रदेशमा चाहिनेभन्दा बढी मन्त्रालयहरू राख्ने, केन्द्रको भ्रष्टाचार प्रदेशमा झय्ङ्गिंदा समेत प्रदेश संसदका विषयगत समितिहरू क्रियाशील हुन नसक्ने, प्रदेश सरकारले प्रादेशिक संसदलाई फुट्टी नगन्नेजस्ता विसंगतिको कारण सबै प्रदेश सरकार र संसद केन्द्रजस्तै पंगु बन्न पुगेका छन् ।

तीन तहको सरकार चलाउन आवश्यक राजस्वको बोझ करको रुपमा जनताको थाप्लोमा बजारिएको अवस्था छ अहिले । संघीयता आए पनि देशले लिएको ऋणको कारण प्रतिव्यक्ति नेपालीको थाप्लोमा रु ६० हजारभन्दा बढीको बोझ परिसकेको छ । यी सबै परिप्रेक्ष्यहरूको विश्लेषण गर्दा अरु कसैको कारण नभै आफ्नै आचरण र व्यवहारका कारण नेपालको संघीयता धरापमा परिरहेको छ । अब जोगाउने कसले ?

# एमसीसी देउवालाई निल्नु न ओकल्नु



**गोविन्द विक**




**सम्झौता अध्ययनै नगरी हतारहतार हस्ताक्षर गर्ने अनि अहिले आएर अनुमोदन गर्दिन भन्न पाइन्छ ? उतिखेर नै नेपालको संविधान र कानुनसँग बाझिएमा सम्झौतामा उल्लेख भएका बुँदा संशोधन गर्न सकिने कुरालाई किन ख्याल गरिएन ?**

गठबन्धनका प्रधानमन्त्री शेरबहादुर देउवालाई सरकार निल्नु न ओकल्नु भएको छ । एमसीसी परियोजना संसदबाट अनुमोदन गर्नु अमेरिकाको कुटनीतिक दबाबका कारण नेपाली राजनीतिमा ठूलै पराकम्पन गएको छ । सत्तापक्षका दल नै एमसीसीमा दुई धार भएपछि देउवा चेपुवामा परेका हुन् ।

प्रधानमन्त्री शेरबहादुर देउवा अमेरिकी परियोजना जसरी पनि संसदबाट अनुमोदन गराउने प्रयत्नमा छन भने सत्तापक्षकै दल नेकपा माओवादी एमसीसीमा भएका केही बुँदाहरू संसोधनसहित अनुमोदन गर्नुपर्ने अडानमा छ । त्यस्तै एकिकृत समाजवादी यता न उताको व्यवहार देखाउँदैछ । एकातिर संसदबाट जबरजस्ती एमसीसी पास गराए गठबन्धन भत्किने जोखिम प्रवल छ भने अर्कोतिर नेपाली कांग्रेस नेकपा एमालेको गठबन्धन बनेर एमसीसी पास हुने अवस्था बन्यो भने मुलुकका लागि निकै ठूलो दुर्भाग्य हुने देखिन्छ ।

उता अमेरिकाले यदि नेपालले एमसीसी फिर्ता गरेको अवस्थामा चाइनाको दबाब ठानिने भनेर सार्वजनिक वक्तव्य नै दिएको समाचार बाहिरिएको छ । यसले के देखाउँछ भने यदि एमसीसी फिर्ता गरेको अवस्थामा अमेरिका नेपालसँग कुडिने र भोलीका दिनमा नेपाललाई उपलब्ध गराउदै आएको सहयोगहरू सबै बन्द हुने आकलन गरिएको छ । एमसीसीले यति ठूलो रुप लेला भन्ने अनुमान सम्झौता गर्ने क्रममा गरिदिएको भए सायद यो अवस्था नै आउने थिएन । आफ्नाहरूलाई पोस्नका लागि आफू खुसी नेताहरूले जथाभावी सम्झौतामा हस्ताक्षर गर्दाको परिणाम हो यो एमसीसी ।

नेपालको कानुनभन्दा माथि हुने नेपालको सार्वभौम सत्तामाथि नै आँच आउने बुँदाहरू राखेको एमसीसीमा नेपालका तर्फबाट किन हस्ताक्षर गरियो ? सम्झौता हस्ताक्षर गर्ने क्रममा नै सबै बुँदाहरू अध्ययन गरेर त्यसले निम्त्याउने समस्याहरूको सम्भावित जोखिमलाई ध्यानमा दिएर पर्याप्त अध्ययन र छलफलपछि मात्रै सम्झौतामा हस्ताक्षर गर्नु उपयुक्त थियो । सम्झौता अध्ययनै नगरी हतारहतार हस्ताक्षर गर्ने अनि अहिले आएर अनुमोदन गर्दिन भन्न पाइन्छ ? उतिखेर नै नेपालको संविधान र कानुनसँग बाझिएमा सम्झौतामा उल्लेख भएका बुँदा संशोधन गर्न सकिने कुरालाई किन ख्याल गरिएन ?

सामान किनेर लाने, घरमा लगेर परिवारलाई देखाउँदा मन नपरेपछि फेरि फिर्ता गर्दा पसले कति रिसाउँछ ? हो एमसीसी पनि त्यस्तै हो । दूरगामी असर गर्ने बुँदाहरू ख्यालै नगरी हस्ताक्षर गर्ने अहिले विरोध भयो भने संविधानभन्दा माथि छ भनेर पास गर्दिन फिर्ता गरिन्छ भन्दा अमेरिका रिसाउनु स्वभाविक हो किनभने अमेरिकाको हैकमवादी चरित्र विश्वलाई थाहा छ । आफूसँग टक्कर दिने राष्ट्रहरूलाई ठिक लगाउनका लागि अमेरिकाले विभिन्न गरिब मुलुकहरूलाई पैसाको प्रलोधनमा पारेर प्रयोग गर्ने गरेको पाइन्छ । अमेरिकाले एमसीसी लागनी नै हो भनेको छ लगानी गरेपछि नाफाको अपेक्षा पक्कै पनि हुन्छ । अमेरिकाले एमसीसी लगानी गरेर नाफा कमाउने दाउमा छ । त्यो नाफा भनेको नेपालको भूमि प्रयोग गरेर चाइनासँग टक्कर गर्ने तिब्बतलाई उचाल्ने हुन सक्छ ।

नेताहरूलाई विभिन्न सरकारमा रहँदा अध्ययनै नगरी पैसाको लोभमा जथाभावी सम्झौतामा हस्ताक्षर गर्ने प्रवृत्तिको अन्त्य नगरेसम्म एमसीसीजस्ता हजारौं विवादहरू निरन्तर रुपमा जन्मिरहन्छन् । यदि एमसीसी राष्ट्रहितमा थिएन, यसले नेपालको श्रोतलाई कब्जा गर्ने रणनीति थियो संविधानभन्दा माथि थियो भने किन हस्ताक्षर गरियो ? यदि त्यो हैन यो एमसीसीको विरोध गर्नु हल्लाको पछि दौडिने जमात हो । राजनीतिक पूर्वाग्रहका कारण यो विरोध भएको भए संसदमा टेवल गर्न केले रोक्यो त ? अखिरी गठबन्धन सरकारमा बहुमत नपुग्ने छैन । पास गर्नका लागि एमालेको समर्थनविना नै पनि सकिने अवस्था छ भने किन यो रडाको अहिले ?

# मैले देखेको १९७ औं विश्व पर्यटकीय स्थल

# चेक गणतन्त्र प्रागको Old Town Square

सुरेन्द्र ढकाल


ओल्ड टाउन स्क्वायर परबाट हेर्दा

सन् २०१३ को जुलाई ९ तारिखका दिन रोटरी अन्तर्राष्ट्रिय कन्फरेन्समा भाग लिन पोर्चुगल जाने क्रममा जर्मनी, फ्रान्स, स्पेन पोर्चुगल, इटली, स्वीटजरलैण्ड घुमी नेपाल फर्केपश्चात् सन् २०१४ को जुलाई १४ तारिखका दिन पारिवारिक भेटघाटको कारण ३ हप्ताका लागि जर्मनी गएको थिएँ ।

उक्त अवसरमा खाली मित्रहरूसँगको भेटघाटबाहेक पर्यटकीय स्थलको भ्रमण खासै गरिएन । तत्पश्चात् २०१५ अप्रिल ३० का दिन मित्र डा. सुसाना रोष्टको आमन्त्रणमा म पुनः जर्मनी गएँ । यसबेला सुसानाले आफ्नी छोरी लिलिसहित मलाई चेक गणतन्त्रको राजधानी प्राग भ्रमण गराउने योजना बनाएकी रहिछन् । सोअनुरुप एक हप्ता सुसानासँगै बसी २०१५ मे ६ का दिन बिहान सुसानाकै कारमा हामी तीन जना प्रागतर्फ लाग्यौं ।

बिहान ७ बजे नै हामी सुसानाको घर फ्रान्कफर्टको डिटचनवाखबाट प्रस्थान गरेका थियौं । करिब ११ बजेतिर हामी जर्मनी र चेक गणतन्त्रको सीमामा आइपुग्यौं । सीमा पार गरी नजिकैको पेट्रोलपम्पमा तेल भरेपश्चात् त्यहींको रेष्टुराँमा हल्का खाना खाई पुनः हामी प्रागतर्फ लाग्यौं ।

आफ्नै तालमा प्राकृतिक छटाको अवलोकन गर्दै प्राग पुग्दा बेलुकाको झन्डै ५ बज्न लागेको थियो । त्यहाँ पुगी प्राग शहरकै केन्द्रको एक लजमा कोठा लिई प्राग शहर भएर बग्ने भिटाभा नदीको किनारैकिनार हिँडी त्यहींको एक रेष्टुराँमा बेलुकाको खाना खाई हामी लज फर्कियौं । भोलिपल्ट बिहान लजमा नै ब्रेकफास्ट गरी सो दिनको योजनाअनुरुप प्रागको Old Town Square अवलोकन गर्न हामी पैदलै त्यसतर्फ लाग्यौं ।

**Old Town Square**

यो स्क्वायर (खुला ठाउँ) चेक गणतन्त्रकै सबैभन्दा ठूलो र विश्वकै १० ठूला स्क्वयारभित्र पर्दो रहेछ । हरेक वर्ष लाखौं जर्मन, रसियन, इटालियन र अंग्रेजहरूले यो स्क्वायर अवलोकन गर्न आउँदा रहेछन् । यस स्क्वयारमा रहेका भवनहरूको वास्तुकला संसारलाई चकित पार्ने कोटिको मानिँदो रहेछ । यस स्क्वायरको स्थापना १२ औं शताब्दिमा भएको रहेछ ।


चेक भाषामा नामेस्ती स्तारोमाक भनिने यस ऐतिहासिक स्क्वयारमा भएका भवनहरू गोथिक र बारोक वास्तुकलाका उत्कृष्ट सिर्जना मानिदा रहेछन जस्मा Church of Our Lady र St. Nicholas Church पर्दा रहेछन् । लेडि चर्चका दुई टावरहरू ८० मिटर अग्ला रहेछन् र भित्री भाग निकै कलात्मक रहेछ ।


चर्चको मुख्य प्रार्थना कक्ष लहर (Aisle) मा विभाजित विशाल रहेछ । त्यसै गरी निकोलाउस चर्चको बारोक शैलीको भित्री भागको निकै कलात्मक रहेछ । स्क्वायरमा रहेको Old Town Hall को टुप्पामा रहेको विश्वकै सबैभन्दा पुरानो ज्योतिषीय घडी Astronomical clock सन् १४१० मा जडान भएको रहेछ । यो घडी चलिरहेको अवस्थामा रहेछ । यस स्क्वायरको अर्को आर्कषण भनेको यहाँ धर्म सुधारक जान हुसको सालिक पनि रहेछ जसलाई धर्म सुधार गर्न खोज्दा ज्यूँदै जलाइएको रहेछ । ६ जुलाई १९१५ मा उनकै मृत्युको ५०० वर्ष पुगेको अवसर पारी स्क्वायरमा उनको सालिक ठड्याइएको रहेछ । त्यसै गरी पुरानो टाउन हलको अगाडि सहिद जान जेसेनियुस स्मारक रहेछ जसलाई सन् १९११ को Battle of White Mountain ताका टाउको काटी मारिएको रहेछ । उनको सम्झना र सम्मानमा स्क्वायरको भुइँमा उनैसँग मारिएका अरु २७ जनाको नाम उल्लेख गरी शिलापत्रसहित २७ वटा क्रस बनाइएको रहेछ । करिब दुई घन्टा जति स्क्वायर, त्यहाँको टाउनहल, स्मारक अवलोकन गरेपश्चात् हामी त्यस स्क्वायरमा रहेको Marian column अवलोकन गर्नेतर्फ केन्द्रित भयौं ।


प्राग सहर भएर बग्ने भिताभा नदी


स्क्वायरमा रहेको टाउन हल


स्क्वायरमा रहेको चर्च अफ आवर लेडी


स्क्वायरमा रहेको निकोलस चर्च


स्क्वायरमा रहेको जन हसको सालिक


लेडी चर्चको तीन लहरमा विभाजित मुख्य हल


बारोक शैलीको निकोलस चर्चको कलात्मक भित्री भाग


स्क्वायरमा रहेको चालु अवस्थाको प्राचीन ज्योतिषीय घडी


स्क्वायरमा रहेको जान जेसेनियुस मेमोरियल

## फागुन ७...

यो सबै कृयाकलापमा बिपी कोइराला हुनु हुदैन। छिट्टै नै बिपी तथा उनका साथीहरूले दिल्ली छोड्नु भन्ने म चाहन्छु।

यसरी नेहरूले आफ्ना निजी सचिव एमओ मथाइलाई दिएको जानकारी हेर्दा भारत सरकारको रवैया नेपाल प्रति कस्तो थियो भन्ने सहजै बुझ्न सकिन्छ। नेहरूले राजा त्रिभुवन र श्री ३ मोहन शम्शेर बिच मध्यस्तता गर्न चाहेको बुझ्न सकिन्छ। आम नेपालीहरूले देशभर चलाएको आन्दोलन हिंसक र अराजक भएको हुँदा तुरुन्तै बन्द होस भन्ने नेहरू चाहन्थ्यो। यसरी त्रिपक्षिय वार्तामा नेहरू, राजा र राणा मात्र होस भन्ने चाहेको देखिन्छ। यसैले बिपीले बारम्बार हैदरावाद हाउसमा राजासंग भेट्न चाहँदा पनि भेट गर्न दिइएन। तर त्यसबेला राजाका कट्टर समर्थक रहेका इश्वर शम्शेरलाई भने नेहरूले राजासंग भेट गर्न दिएका थिए।

नेहरूको कथन अनुसार कांग्रेसले दिल्ली छोडेको देख्न चाहेको भनिएकै भोलिपल्ट उपप्रधानमन्त्री बल्लवभाइ पटेलले नेहरूलाई लेखेको पत्रमा भारतीय भूमिबाट उडेको जहाजबाट नेपालमा राणा विरोधी पर्चा छरेकोमा विरोध प्रकट गरेका छन्। अन्तर्राष्ट्रिय कानुन विपरीत यस किसिमको कार्यमा बन्देज लगाउन अनुरोध गरेका छन्। यस पत्रको जवाफमा भोलिपल्टै नेहरूले यस किसिमको उडानमा पूर्णरूपमा निषेध गरिएको जानकारी पठाएका छन्। यसले नेपाली कांग्रेस प्रति केवल नेहरू मात्रै होइन भारत सरकारका अन्य निकाय पनि लागि परेको स्पष्ट हुन्छ।

यसै बिच नेपालका लागि बेलायती राजदूत जर्ज फाल्कनरले बेलायती बिदेश मन्त्रालयलाई पठाएको पत्रमा बेबी किङ्गलाई स्विकार्न सकिने जानकारी दिएका थिए। साथै भारतका लागि बेलायती उच्चायुक्त आर्चिबल्ड नाई पनि नेपाल सरकारको अनुरोधमा बेबी किङ्गलाई मान्यता दिनुपर्नेमा सोच्नुपर्ने अवधारणामा लागिरहेका थिए। तर भारत सरकार कुनै पनि हालतमा बेबी किङ्गलाई मान्यता दिनुहुन्न भन्नेमा नै जोड दिइरहेका थिए। यसरी भारत सरकार नेपाली कांग्रेसलाई सहयोग गर्न पनि चाहेको देखिदैनथ्यो भने राजा त्रिभुवनको सत्ता बलियो बनाउने चाहनामा पनि थिएन। मोहनशम्शेरलाई पनि आश्वासन दिएर नै राखिरहेका थिए।

बेलायती राजदूत जर्ज फाल्कनरले त बिदेश विभागलाई पठाएको पत्रमा राजा त्रिभुवन प्रति पनि नकारात्मक विवरण समेत पठाएका थिए। उनले राजा त्रिभुवनलाई धेरै झुठ बोल्ने र षडयन्त्रमा लिप्त समेत भनेका थिए। यसर्थ पनि राजा त्रिभुवन भन्दा नाबालक राजा ज्ञानेन्द्र नै सहि भएको तर्क समेत दिएका थिए। अर्को तर्फ नेहरू भने दोहोरो भूमिकामा देखिन्थे। एकातर्फ केन्द्रमा बसेर भारतीय भूमिबाट नेपाली कांग्रेसले कुनै पनि किसिमको आक्रामक कृयाकलाप गर्न नदिने भनिरहेका हुन्थे भने यता बिहारका मुख्यमन्त्री श्रीकृष्ण सिन्हाले भने सिमाक्षेत्रमा हुने नेपाली कांग्रेसका गतिविधीमा बेवास्ता गरिरहेका हुन्थे।

नेपाली कांग्रेसका बिपी सुवर्ण मातृका तथा महावीर दिल्लीमा आफूलाई चोख्याउने पुगे पनि उल्टै नेहरूको हप्की खाएर फर्कन बाध्य भएका थिए। यता राणाहरूले कांग्रेसका हरेक गतिविधी अराजक र डकैती सरहको रहेको प्रचार गरिरहेका थिए भने नेहरूले पनि उस्तै भाषाको प्रयोग गरेर दिल्लीबाट फर्कन चेतावनी दिएका थिए। कांग्रेसले राजा पनि भेट्न पाएनन् र लुटिएको धन राजालाई सुम्पेर क्रान्तीको लागि खर्चिने बचन पनि पुरा गर्न पाएनन्।

२० नवम्बर १९५० अर्थात २००७ मंसिर ५ गते बेलायती मन्त्रीपरिषदको बैठकले नाबालक राजा ज्ञानेन्द्रलाई मान्यता दिने तयारी भइसकेको थियो। यहि समय मंसिर १ गते नेहरूले बेलायती विदेश मन्त्रालयका सचिवलाई लामो पत्र पठाएर बेलायती सरकारले नाबालक राजालाई मान्यता नदिन अनुरोध गरे। साथै नेहरूले उत्तर प्रदेशका मुख्यमन्त्री गोविन्द बल्लभ पन्तलाई पनि लामो पत्र लेखेर आफू नेपालमा शान्तिपूर्ण वार्ताबाट शान्तीबहाली भएको देख्न चाहेको जानकारी दिएका छन्। आफू बम्बइ भ्रमणमा रहेको समय अचानक राजाले सपरिवार भारतीय राजदूतावासमा शरण लिन आएको हुँदा आफूले सुरक्षित दिल्लीमा ल्याएको जानकारी दिएका थिए।

यस बिच भारतीय राजदूत सिपिएन सिंहलाई नेहरूले बारम्बार निर्देशनहरू दिइरहेको देखिन्छ। सिपिएन सिंहका हरेह गतिविधी नेहरू निर्देशित रहेको पत्रहरूको अध्ययनले देखाउँछ। नेहरू नेपाल मामलामा किन यति धेरै लागिपरेका छन् भन्ने स्पष्ट बुझ्न नसकिए पनि सहजै अनुमान भने लगाउन सक्छौ। नेहरू नेपाललाई यसरी जालमा पारिरहेका छन् कि भोलि बन्ने नयाँ सरकार सहजै अघोषित रुपमा भारतको औपनिवेशिक राज्यको रुपमा राख्न चाहेको स्पष्ट देखिन्छ। बेलायतले नाबालक राजा ज्ञानेन्द्रलाई मान्यता दिन लाग्दा भारत निकै चिन्तित देखिएको थियो। बेलायती मन्त्री परिषदको निर्णय आउनु एक दिन अगाडि नेहरूले बेलायतमा रहेको भारतीय उच्चायुक्त भि के कृष्णमेननलाई पनि पत्र लेखेर पनि बेलायतको निर्णय ठिक नभएको जनाएका थिए। तर पनि भारत र बेलायतको यो नेपाल प्रतिको सक्रियतामा अमेरिका नआओस भन्ने दुबैले चाहेको देखिन्छ। बिशेष गरेर बेलायत बेलायती सेनामा रहेको गोर्खा फौजका कारणले पनि नेपाल सरकारको प्रस्ताव मान्ने पक्षमा गएको देखिन्छ। फेरी गोप्य विवरण अनुसार नेपालको राणा सरकार बेलायत र अमेरिकालाई खनिज अन्वेषणको जिम्मा दिने तयारी गरिरहेको हुँदा पनि राणासरकारको पक्षमा जाने मनसाय देखाएको भन्ने पनि बुझिन्छ।

बारम्बारको नेहरूको प्रयासले कमसेकम बेलायतले नाबालक राजालाई दिन लागेको मान्यता केही दिनलाई पछाडि सार्न अनुरोध गर्न पुगेको देखिन्छ। यति मात्र होइन भारतमा निर्वासनमा रहेका पूर्व श्री ३ पद्मशम्शेरलाई पनि फकाएर पुरानो राजालाई नै मान्यता दिएको बक्तव्य निकालेका थिए। साथै बेलायतबाट बारम्बार नाबालक राजालाई मान्यता दिने समाचार आइरहँदा आत्तिएका नेहरूले अन्तिम दिन बेलायती प्रधानमन्त्री सि आर एट्लीलाई नै पत्र लेखेर नाबालक राजालाई मान्यता दिने बेलायती निर्णय सहि नभएको हुँदा पूनर्विचार गर्न आग्रह गरेका थिए।

यसरी भारत नेपालको विषयमा यति बिघ्न चिन्तित रहिरह्यो कि दैनिक ५ वटासम्म पत्र नेपाल विषयमा कोरेको भेटिन्छ। नवम्बर २० को दिन बिपक्षी नेता जयप्रकाश नारायणलाई पनि पत्राचार गरेको देखिन्छ। उनलाई पनि नेपालको हालको अवस्थामा पुरानो राजा नै स्विकार्नुपर्ने तथा सरकार परिवर्तन गर्नुपर्नेमा जोड दिएका थिए। जयप्रकाश नारायणले पनि १९४२ को भारतमा भएको अंग्रेज विरुद्धको आन्दोलनमा अंग्रेजी सरकारको दमनमा भारतीयहरूले नेपालमा शरण लिएका थिए। तसर्थ अहिले नेपालको आन्दोलनमा पनि नेपालीहरूलाई भारतमा शरण दिनुपर्नेमा जोड दिएका थिए।

अन्तत २००७ मंसिर ६ अर्थात नवम्बर २१, १९५० मा नेहरूले श्री ३ मोहनशम्शेरलाई पत्र लेखेर सम्पूर्ण किसिमको आन्दोलन र आक्रमणहरू रोकेर वार्ता गर्न आह्वान गर्नुभयो। साथमा यो जानकारी फेरी पनि दिए - भारत सदैव राजा त्रिभुवनलाई नै राजा मान्नेछ नाबालक राजा ज्ञानेन्द्रलाई राजा स्विकार्न तयार छैन।

मंसिर ७ मा पुन बेलायती प्रधानमन्त्रीलाई पत्र लेखेर नेपालको सम्बन्धमा भारत र बेलायतको एउटै धारणा बनाउन अनुरोध गर्नुभयो। मंसिर ९ गतेको राती साढे नौ बजे नेहरू र भारतका लागि नेपाली राजदूत विजयशम्शेर बिच लामो कुराकानी भयो। यसमा पनि नेहरूले हामी नाबालक राजा स्विकार गर्न सक्दैनौ अन्य धेरै कुरामा लचक भएर कुरा गर्न तयार छौ। महाराजा (श्री ३)को लागि हामीले बिशेष महत्व दिएर नै वार्ता गर्न सक्छौ। तर विजयशम्शेर काठमाडौ गएर श्री ३ संग भारत सरकारका धारणाहरू राख्न हिचकिचायो। जसले गर्दा भारतले आफ्ना राजदूत मार्फत नै सम्पूर्ण कुरा महाराजा सामु राख्ने तयारी गर्यो। तर अन्तमा विजयशम्शेरले काठमाडौ जाने निर्णय लियो।

मंसिर १२ गते राजदूत विजयशम्शेर र केशरशम्शेरले नेहरूसंग भेट गरेर राजाको रुपमा नाबालक ज्ञानेन्द्र राखिसकेको हुँदा हटाउन मिल्दैन। यस्तो परिस्थितीमा त्रिभुवन स्वदेश फर्कनु त्यति सुरक्षित पनि हुदैन। तर सरकारमा गैर राणालाई पनि राखेर सरकार गठन गर्न सकिन्छ। बजेटको घोषणा पनि गर्न सकिन्छ। संविधान सभाको गठनमा केही समय लाग्ने हुँदा यसलाई भविष्यमा गर्न सकिन्छ भन्ने जानकारी दिए। नेहरूले पनि आफ्नो पुरानै धारणा राखिरहे। जबसम्म नाबालक राजालाई हटाएर त्रिभुवनलाई राजा स्विकार गरिदैन कुनै पनि अन्य शर्ट मान्न तयार नभएको जिकिर गरे।

मंसिर १४ मा राष्ट्रपति राजेन्द्रप्रसादले पनि राजा त्रिभुवनकै पक्षमा सरकार गठनलाई प्राथमिकता दिनुपर्ने धारणा नेहरू सामु राखे। मंसिर १६ मा केशरशम्शेर र विजयशम्शेरले उपप्रधानमन्त्री बल्लभभाइ पटेलसंग भेटेर पनि उहि धारणा राखे जुन नेहरू सामु राखेका थिए।

मंसिर १८ को घटनाले मोहनशम्शेरको सरकारलाई केही घात गर्यो। बेलायती प्रतिनिधीको रुपमा आइपुगेका दुइ फ्रान्क रोवर्टस र डेनिङले गौचर विमानस्थलमा विरोधको सामना गर्नुपर्यो। जसले गर्दा बेलायतको नेपाल धारणामा सोच्न बाध्य बनायो। हुनत विमानस्थलको विरोध कार्यक्रम सुनियोजित भएको आशंका गरिएको थियो।

मंसिर २१ गते भारतीय संसदमा नेहरूले भने नेपाल परापूर्व काल देखि नै एक स्वतन्त्र राज्यको रुपमा रहि आएको छ। तर हामीले देखे वा सुने जस्तो स्वतन्त्र राज्य होइन। आन्तरिक रुपमा स्वतन्त्र हो, कहिल्यै पराधिन भएको छैन। तर उसको बिदेशसंगको सम्बन्धमा उसको नीति स्वतन्त्र छैन। उसले कुनै पनि देशसंग सम्बन्ध बनाउनु अगाडि भारतका नीतिको पनि ख्याल गर्नुपर्छ। भारत नभइ कुनै पनि देशसंग उसको सम्बन्ध बिस्तार हुन सक्दैन। तसर्थ भारतको सहमती बिना उसले बिदेश नीतिमा केही पनि फेरबदल गर्न सक्दैन। भारतको बाटो नभइ नेपालमा जानै सकिदैन भने भारतलाई खुशी नबनाइ कुनै पनि देशसंग राम्रो सम्बन्ध कायम गर्न सक्दैन। तसर्थ नेपालको अहिलेको अवस्थामा भारत बिशेष चासो सहित समाधानमा लागेको छ। नेपाल अशान्त हुँदा भारतलाई पनि कठिनाइ हुन्छ। नेपालको सिमा भारतसंग जोडिएको हुँदा पनि समस्या भारतका सिमा क्षेत्रमा पनि देखिनेछ। हामी नेपाल छिट्टै संवैधानिक राष्ट्र हुने तथा जनताका अधिकारहरू सुनिश्चित हुनेमा विश्वस्त छौ।

नेहरूको तीन प्रस्ताव (१) संविधान सभाको गठन (२) राजा त्रिभुवनको सहमतिमा राणा तथा अन्य राजनीतिक दलको प्रतिनिधित्व रहेको सरकारको गठन (३) राजा त्रिभुवन नै रहेको घोषणा तथा राजाको अनुपस्थितिमा राजप्रतिनिधीको नियुक्ति। यि प्रस्ताव बोकेर केशरशम्शेर र विजयशम्शेर काठमाडौ फर्किए। श्री ३ मोहनशम्शेरसंग यस विषयमा कुराकानी गरे। पुस ४ गते श्री ३ मोहनशम्शेरले नेहरूलाई प्रतिउत्तर पठाए। जसका अनुसार मोहनशम्शेर केही नरम भएको आभास हुन्छ। सल्लाह उपयुक्त रहे पनि यसको लागि केही समय मागे। मन्त्रिमण्डलको बैठक पछि केही निर्णय गर्ने जानकारी पठाए।

नेहरूले संसदलाई दिएको बक्तव्यका अनुसार नेपालमा स्वतन्त्रताको साथ साथै कोशी नदी परियोजनाको अवधारणा रहेको जानकारी पनि दिए। यसले के देखाउँछ भने भारत आफ्नो स्वार्थले पनि नेपालमा सरकार परिवर्तनको लागि मेहनत गरिरहेको छ।

यता नेपालमा आन्दोलन चर्किरहेको थियो भने भारत आफ्नै हिसावले गोप्य योजनाहरूमा अगाडि बढिरहेको थियो। भारतीय राजदूतावासका एक कर्मचारी नेपाली प्रहरीबाट कुटिएकोमा पनि रुष्ट भएको थियो। नेपालमा राणाहरूले भारत विरोधी नारा पनि चर्काइरहेको थियो। यता बेलायती नीतिमा भने तत्कालै परिवर्तन भएन। साथमा अमेरिका पनि नेपालको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने नीतिमा लाग्यो। बेलायतले त नेहरूलाई प्रश्न गर्यो कि, यदि नेपालको सरकारले त्रिभुवनलाई मान्यता दिएन भने के भारतले भारतको भूमीमा बसेर नेपालका राजनीतिक दलहरूले सरकार गठन गरेमा समर्थन गर्न सक्छ। यस प्रकारको सरकार प्रति विश्वको दृष्टिकोण कस्तो बन्छ। तसर्थ मौजुदा अवस्थामा बालक राजालाई नै स्विकार गर्नुपर्छ।

यता नेपालका प्रधानमन्त्री मोहन शम्शेर भारतको हस्तक्षेपको नीति बिरुद्ध अन्तराष्ट्रिय रुपमा के गर्न सकिन्छ भन्ने बाटो पनि खोज्दै थिए। संयुक्त राष्ट्र संघको सदस्यतामा छेकवार लगाउँदै बसेको भारतले त्यो बाटो पनि एक किसिमले बन्द नै गरिदिएको थियो। बेलायत र अमेरिकाको साथ साथै पाकिस्तानले पनि बालक राजालाई मान्यता दिन सक्ने सूचना पठाइसकेको थियो। सबै तिरबाट घेरिएका नेहरू भने नेपालको सबैभन्दा नजिकको राष्ट्र भारत नै भएको हुँदा भारतले जे चाहन्छ त्यहि गर्नुपर्छ भन्ने दवाव सिर्जना गर्न ब्यस्त थिए।

अन्तत पुस १० गते विजय शम्शेर र नरेन्द्रमणि दीक्षित निष्कर्षपूर्ण वार्ताको लागि पुगेका थिए। यो वार्ता करिव करिव नेहरूको प्रस्ताव नै स्विकार गर्नु थियो। एउटै मुख्य बुँदामा भने मोहनशम्शेरले अट्को थाप्यो। राजा कसलाई स्विकार गर्ने भन्ने निर्णय संविधान सभाले नै गर्नेछ। तर यो नेहरूलाई स्विकार्य भएन। नेहरू त राजा त्रिभुवन नामको कठपुतली राजा बनाउन चाहिरहेका थिए। जसलाई नेहरूले जे चाहन्छ गराउन सक्थे। तसर्थ नेहरूले ढिपी छोडेनन्।

पुस १८ गते भारतले जे चाहन्छ त्यो सबै स्विकार गर्न विजयशम्शेर तयार भयो। भोलिपल्ट विजयशम्शेर नै नेपाल फर्किए। पुस २४ गते मोहनशम्शेरले बक्तव्य दिदै पुरानो निर्णय वदर भएको घोषणा गरे। साथै भारतको प्रस्ताव हितकर भएको हुँदा स्विकार गरिएको पनि घोषणा गरे। नेहरू सो समय लण्डनमा थिए उनले पनि खुशी ब्यक्त गरे। यसको भोलिपल्ट राजा त्रिभुवनले पनि मोहनशम्शेरको बक्तव्यको स्वागत गरे। तर नेपाली कांग्रेस भने यो सबै कार्यमा खुशी भएन। पुस २६ मा मातृका प्रसादले मोहनशम्शेरको घोषणाको विरोध गरे साथै स्विकार गर्न नसकिने पनि बक्तव्य दिए। त्रिपक्षिय वार्तामा कांग्रेसलाई सहभागी गराउनुपर्छ भन्ने नेहरूले ठानेनन्। केवल भारत सरकार र मौजुदा नेपाल सरकार मात्र सहभागी रह्यो। राजा त्रिभुवन पनि त्यसमा सहभागी थिएनन्। त्रिभुवनलाई पूनर्वहाली गरिदिने बाचामा नै मख्ख थिए। अन्य के कस्ता प्रावधान राखिए भन्नेमा चासो नै थिएन।

माघ १ मा नेहरूले नेपाली कांग्रेसका शिर्षस्थ मातृका, बिपी र सुवर्णसंग वार्ता गरे। सरकारमा सम्मिलित गराउने आश्वासनमा नेपाली कांग्रेसका मातृकाप्रसादको अर्को दिनको वक्तव्यमा भारतलाई धन्यवाद दिदै भारतको प्रस्ताव स्विकार गरेको पनि जनाए। माघ २९ गते नेहरूले मोहनशम्शेरलाई लामो पत्र पठाएर सम्बन्ध अझै सुदृढ र सुमधुर हुने विश्वास पनि ब्यक्त गरे। फागुन ३ गते सिमा क्षेत्रमा बिशेष निगरानी गर्न लगाएका थिए।

फागुन ४ मा राजा स्वदेश फर्किए। देशमा प्रजातन्त्र बहालीको घोषणा गरे। तर देशले एउटा दमनकारी शासनबाट मुक्ति पाए पनि अर्को देशको अघोषित औपनिवेशिता स्विकार गर्न बाध्य भए। यस पछि राजाको साथमा राजाका मुख्य सल्लाहकारको रुपमा नेहरूले गोविन्दनारायण सिंहलाई राजाको साथ साथ पठाए। साथै नेपालमा रहेका भारतीय राजदूत सिपिएन सिंह पनि नेपालको राजनीति तथा हरेक निर्णयमा दखल दिन थाले। यसरी नेहरूको सपना पुरा भयो। तर देशले पाउनुपर्ने वास्तविक स्वतन्त्रता भने पाएन।

## कविता

# मेरो सवारी



● प्रेम ओली
(ढकलपुरे)

मेरो सवारी होस् त यस्तो होस
महाराजाधिराजाको जस्तो होस
गाडी घोडा मान्छे जहाँको त्यही ठप्प हौन
यो देखेर बिदेशीपाहुनापनि छक्क हौन
गाडीका यात्रुले घन्टौ कुरुन
मान्छेले मेरो सवारी पेटिबाट हैन
घरका छतछतबाट नै हेरोन
सुतकेरिको ब्यथालागेको भएपनि सडकमै छटपटाइ रहोन
मर्न लागेको बिरामीभएपनियम्बुलेन्समै दाँत किटकिटाइ रहोन
मेरो सवारी यस्तो होस, बादशाहको जस्तो होस।

हिड्दा हिड्दैको मान्छे जहाँको तही टक्क अडियोस
आउँदाआउँदैको गाडी जताबाट आको हो उतै फर्कियोस
कसैको पिलेन छुटोस कसैको प्राणै छुटोस
स्कूलजाने बिद्यार्थी ढिला हुँदाशिक्षकले किन न कुटोस
गाडीहरूको एक किलोमिटर लामलागोस
शहरमाजताकतै जामलागोस
मलाई अरु देशको राष्ट्र प्रमुखले जस्तो गर्नु छैन
उनिहरूले जस्तो साइकल, बस चड्नु छैन
मलाई त राजामहाराजाको जस्तो शान चाहिन्छ
अगाडि पछाडि साइरन बजाउने बहान चाहिन्छ
फेरी यस्तो मान युरोप अमेरिका तिर कहाँपाइन्छ ?
पाइन्छ त यो, हाम्रै देशमामात्रपाइन्छ।

यो सँस्कारलाई त हजारौ बर्षसम्मबचाउनु पर्छ
प्रियजनता, यसलाई सास्तीठान्नु भएन
यस्तो कुरा त मजाले पचाउनु पर्छ
यस्तो सँस्कारलाई त हजारौ बर्षसम्मबचाउनु पर्छ।

# गौतम बुद्धमा परीक्षण उडान

काठमाडौं। बहुप्रतिक्षित निर्माणाधिन राष्ट्रिय गौरवको आयोजना गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा यही शुक्रबारदेखि यान्त्रिक परीक्षण उडान (क्यालिब्रेसन फ्लाइट) हुने भएको छ। आगामी १५ फागुनसम्म सो विमानस्थलमा यस्तो क्यालिब्रेसन फ्लाइट हुने नेपाल नागरिक उड्ययन प्राधिकरणले जनाएको छ। प्राधिकरणले बुधबार एक सूचना जारी गरी मुलुकको राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको यस विमानस्थमा क्यालिब्रेसन फ्लाइट हुन लागेको जानकारी दिएको हो।

प्राधिकरणका अनुसार आगामी १० दिनसम्म सञ्चालन हुने यस्तो उडानको जिम्मेवारी एरोनटिकल रेडियो अफ थाइल्यान्ड (एरो थाई)ले पाएको छ। जसका लागि एरो थाइको विमान बिहीबार बैंकबाट काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्नेछ। त्यसपछि सो विमानले काठमाडौंदेखि भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा क्यालिब्रेसन उडान भर्ने प्राधिकरणले जनाएको छ।

यस्तो उडानका कारण आगामी १० दिनसम्म सो विमानस्थलमा हाल सञ्चालित नियमित आन्तरिक उडानमा भने केही ढिलाइ हुन सक्ने भएकाले सोहीअनुसारको यात्रु सेवा व्यवस्था मिलाउन भन्दै प्राधिकरणले सम्बन्धित वायुसेवा कम्पनीलाई जानकारी गराएको बताएको छ। प्राधिकरणका अनुसार अहिले सो विमानस्थलको भौतिक निर्माण तथा उपकरण जडानसम्बन्धी कार्य सम्पन्न भइसकेको छ। अब एनएभी, एआईडीएसलगायत विभिन्न प्रविधि जडानको काम हुने छ। जसका कारण आगामी १५ फागुनसम्म नियमित अन्य उडान तथा अवतरणको समय भने केही ढिलो हुन सक्ने बताइएको छ। यसबाट सम्बन्धित वायुसेवा कम्पनी तथा यात्रुलाई पर्न गएको असुविधाप्रति प्राधिकरणले क्षमा समेत मागेको जनाएको छ।

यस्तो, परीक्षण उडानपछि नियमित मात्र नियमित अन्तर्राष्ट्रिय उडान भर्ने तयारीमा प्राधिकरण जुटेको छ। यो विमानस्थलमा अन्तर्राष्ट्रिय उडान सञ्चालनमा आएपछि विभिन्न मुलुकबाट नेपाल आउने वायुसेवाका लागि काठमाडौंको एक मात्र अन्तर्राष्ट्रिय त्रिभुवन अन्तर्राष्ट्रि विमानस्थलको विकल्पको रूपमा यो अर्को अन्तर्राष्ट्रिय उडान तथा अवतरणको गन्तव्य विमानस्थल हुनेछ। जसका कारण अहिले जस्तो अब त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा केही समस्या भएर उडान अवतरण हुने नसकिएको अवस्थामा विभिन्न देशबाट नेपाल आएका अन्तर्राष्ट्रिय उडानका विमानलाई लामो समय आकाशमा होल्ड गर्नुपर्ने र भारतका अन्य विमानस्थलतर्फ जहाज ड्राइभट गर्नुपर्ने बाध्यात्मक अवस्था हुनेछैन। बैकल्पिक उपाए स्वरूप अब काठमाडौंमा अवतरण हुन नसकेको अन्तर्राष्ट्रिय उडानमा सञ्चालित विमानलाई पनि गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गराउन सकिनेछ।

अहिले यस्तै खालका वैदेशिक लगानी तथा उनीहरूको ऋण एवं आर्थिक अनुदान सहयोगमा निर्माण हुने अमेरिकन मिलेनियम च्यालेन्ज परियोजना (एमसिसी)को विरोधमा काठमाडौं उपत्यकाका विभिन्न स्थानमा प्रदर्शन भइरहेका छन्। बुधबार विरोध प्रदर्शनमा उत्रिएकाले विभिन्न नारा लगाउँदै बानेश्वर क्षेत्रमा प्रदर्शन गरेका थिए। विरोध प्रदर्शनको क्रममा प्रहरीले प्रदर्शनकारीमाथि पानीको फोहरा र अश्रु ग्याँस हानेर भिड नियन्त्रणको प्रयास गरेको थियो।

# बेलायतमा नेपाली नर्सलाई गाह्रो

लण्डन। नेपाल र बेलायत सरकारबीच श्रम सम्झौता भई नेपाली नर्सहरू बेलायत ल्याउने प्रक्रिया पुरा गर्न अझै एक वर्ष लाग्ने भएको छ। बेलायतमा रहेका नेपाली नर्सहरूको संस्था नेप्लिज नर्सिङ एसोसिएसन (एनएनए) युकेले आइतबार पत्रकार सम्मेलन आयोजना गरी सोको जानकारी गराएको हो। एनएनए युकेले बेलायतको स्वास्थ्य मन्त्रालय (डिपार्टमेण्ट अफ हेल्थ एण्ड सोसल केयर) सँग गरेको छलफलमा मन्त्रालयका अधिकारीहरूले सो सुझाव दिएको पत्रकार सम्मेलनमा जानकारी दिएको थियो। एनएनए युकेका अध्यक्ष सुनिता गौतमले बेलायतको स्वास्थ्य मन्त्रालयसँग हालै भएको छलफलमा उनीहरूले नेपाल सरकारसँगको पहिलो छलफल सकारात्मक भएको र नेपालबाट नर्स ल्याउन एक वर्ष लाग्न सक्ने बताएको जानकारी दिइन्। एनएनए युकेकी महासचिव बिनु लामिछानेले एउटा नर्सलाई बेलायत ल्याउँदा करिब चार हजार पाउण्ड खर्च लाग्न सक्छ। यो सबै पैसा राष्ट्रिय स्वास्थ्य सेवा (एनएचएस) वा त्यसमार्फतको एजेन्सीले तिर्नेछ। नेपाली नर्सहरूले एक पैसा पनि तिर्न नपर्ने उनले बताइन्। एनएनए युकेका पूर्व अध्यक्ष बासु लामिछानेले नेपालबाट बेलायत आउन चाहने नर्सहरूलाई बेलायतमा दर्ताका लागि बेग्लै व्यवस्था नभएको प्रष्ट पारे। उनले बेलायतले बिरामीहरूको सेवामा स्तर कायम गर्न अंग्रेजी भाषाको मापदण्ड बनाएको र नेपालबाट आउनेका लागि मात्र अंग्रेजी भाषाको स्तर घटाउने सम्भावना नभएका बताए।

अध्यक्ष गौतमले बेलायतको स्वास्थ्य मन्त्रालयका अधिकारीहरूले नेपालबाट बेलायत आउन चाहने नर्सहरूलाई धेरै नहौसिन, नआत्तिन र खाईपाई आएको जागिर अहिल्यै नछोड्न अपील गरेको बताए। उनले प्रशस्त जागीर भएकाले नआत्तिन, धैर्य गरी अंग्रेजी भाषाको परीक्षा पास गरेर मात्र बेलायत आउन उनले आग्रह गरिन्। नेपालका मिडियाहरूमा बेलायतमा नर्सहरूले पाउने तलबका बारेमा बढाइचढाइ गरिएकोमा अध्यक्ष गौतमले बेलायतमा नर्सहरूको शुरुवाती तलब वार्षिक करिब २५ हजार पाउण्ड रहेको र लण्डन लगायतका क्षेत्रमा भत्ताबापत २० प्रतिशतसम्म अतिरिक्त रकम दिइने गौतमले प्रष्ट पारिन्।

बेलायतमा कार्यरत अर्का नर्स राजेन्द्र पुडासैनीले पनि नेपाली नर्सहरूलाई जागिर नछाड्न, धेरै उत्साहित नहुन र बेलायत आउनका लागि कसैलाई पैसा नतिर्न सचेत हुन आग्रह गरे। एनएनए युकेकै इन्दिरा बस्यालले एनएनए युकेले बेलायतमा कार्यरत नेपाली नर्सहरूको हितका लागि विभिन्न कार्यक्रम गरिँदै गरेको जानकारी दिइन्। नेपाल नर्सिङ एसोसिएनका अध्यक्ष मन राईले नेपालबाट बेलायत नर्स लैजाने बारेमा नेपाल सरकारले आफूहरूसित आधिकारिक रुपमा छलफल नगरेको बताइन्। नेपालको मोडल नर्सिङ कलेजकी प्रिन्सिपल सुमिता पाठकले राज्यकै प्रत्यक्ष संलग्नतामा विदेशमा नर्सहरू पठाउँदा नेपालको नर्सिङ क्षेत्रमा भविष्यमा पर्ने असरका बारेमा ध्यान दिनुपर्ने बताइन्।


## नियात्रा स्मृतिको क्यानभासमा नयाँ रङ-४ (३)

✍ रामप्रसाद पन्त

सुरुमै उनले कार्यक्रममा केही कमजोरी भएको स्वीकार गरे र क्षमायाचना पनि गरे – 'दसैं पछिको यो पहिलो ओर्किड डे। अर्को कुरा गोर्खा द्विशताब्दी महोत्सव मनाइरहेको बेला। तपाईंहरूलाई थाहै छ – गोरखा रेजिमेन्टले नालापानी कब्जा गरेको गौरवशाली इतिहासको २०० वर्ष भव्यता साथ मनाउँदै छौं हामी।

कतिपय साथीहरू यसै महोत्सवको तयारीमा लाग्नुभएकोले पनि उपस्थिति कमि भएको छ। त्यसै पनि हामी व्यस्त रहने गर्छौं। मर्नका लागि पनि आइतबार पर्खनुपर्ने अवस्था छ हामीलाई। मैले त अस्वस्थताको कागज लेखेर पठाइदिएँ इन्स्टिच्युटमा। हल खाली खाली छ, समय छोटो छ। मञ्चासीन अतिथि वर्गलाई हिँडिहाल्नुपर्ने हतार पनि छ। यस्तो अवस्थामा हामी कार्यक्रम गर्दै छौं। कार्यक्रमप्रति म सन्तुष्ट हुन सकेको छैन। तसर्थ काठमाडौंबाट आउनुभएका अतिथिहरू फेरि आउनुपर्छ, पर्छ, पर्छ।

अँग्रेजहरूले दुई सयवर्ष शासन गरे, अहिले तिनीहरूको साहित्य पढ्नुपर्ने अवस्था हामीहरूलाई। यस प्रक्रियालाई तोड्न चाहन्छौं हामी। हामी आफ्नै साहित्य समृद्ध भएको देख्न चाहन्छौं। तथापि दार्जिलिङको जस्तो साहित्यिक वातावरण हामीकहाँ छैन। प्रयास गर्दै छौं। हाम्रो प्रयासमा तपाईंहरू (नेपालबाट आउनुभएका) ले साथ दिनुपर्छ। हाम्रो




परिषद्ले बेलामौकामा कार्यक्रमहरू गरेर साहित्यकार जन्माउने कोशिस गरिरहेको छ। भानुजयन्ती, बुद्धजयन्ती र भजनकीर्तनहरू पनि गरिँदै आएको छ, तर सोचेजस्तो हुन सकेको छैन।'

भूपेन्द्रको स्वागत एवं परिचयात्मक मन्तव्यपछि हामीले मञ्चासीन व्यक्तिहरूलाई भानुभक्तको सम्झना स्वरुप बिर्केटोपी लगाइदिएर सम्मान गर्‍यौं। त्यसपछि लेकालीले हाम्रो परिचय गराए। क्रमशः हामीहरू सम्मानित भयौं। मधु गुरुङ थापाको बारेमा मधु गुरुङले परिचय दिइन्। अनि पो थाहा भयो– होचो कद भएकी थापाले त निकै उचाइ प्राप्त गरिसकेकी रहिछन्। (क्रमशः)

बेलायतको न्यायालयमा न्यायाधीश सरहको जागिर खाँदिरहिछन् तर नेपाली भाषा झन्डै भुलिसकिछन् उनले। भनिन्– 'मैले नेपाली त बोल्छ तर डिफिकल्टी छ। मेरो ससुराली देहरादून छ, मेरो हस्बेन्ट पनि छ। फादर नेपाली, मदर हिमालचलको।' यति के भनेकी थिइन्, त्यसपछि उनको भाषण पूरै अँग्रेजीमा सुरु भयो।

त्यसपछि बोल्ने पालो आयो शक्ति गुरुङको। उनी पनि साना मानिस रहेनछन्– गोर्खा सेनाको तर्फबाट भारतको सैनिक इतिहासमा थलसेनाप्रमुख भन्दा एक तह मुनि (लेफ्टिनेन्ट जनरल)सम्म पुगेका रिटायर्ड जनरल। उनले पनि कनिकुथी बोले विविध विषयको आड लिएर। तर गुरुङपछि अर्का रिटायर्ड लेफ्टिनेन्ट जनरल राम प्रधानचाहिँ कार्यक्रममा आएर पनि कामविशेषले बाहिरिए। उनीले के बोल्थे ! सुन्ने अवसर मिलेन हामीलाई।

संयोगले चेतन कार्की देहरादून गएको बेला परेछ। उनी पनि त्यस कार्यक्रममा सहभागी भए। गोर्खा मेलिटरी स्कुल देहरादूनमा पढेका चेतनका सहपाठी रहेछन् आजको सभाध्यक्ष वीएस क्षेत्री। उनीहरूले सन् १९५३ मा देहरादूनबाट एसएलसी दिएका रहेछन्। क्षेत्री यसबेला त्यही मानेकसाँ भवनका कार्यकारी निर्देशक रहेछन्। त्यसै भएर देहरादून गइरहँदा रहेछन् चेतन। यस वर्ष त उनको पाचौं पटक भएछ देहरादून।

(क्रमशः)

# फागुन ७ र नेहरूको चालवाजी

■ सुनील उलक

फागुन ७ देशकै एक गर्वित दिन। यस दिन देशले प्रजातन्त्र पाएको थियो। १०४ वर्ष लामो पारिवारिक राणाशासनबाट मुक्ति पाएको दिन थियो यो। नाम मात्रको राजा रहने तथा सम्पूर्ण राजनीतिक, सामाजिक तथा आर्थिक अधिकार राणाहरूका आफ्नै परिवारभित्र मात्रै निहित हुने हुँदा राणाकाललाई जहाँनिया शासनको रुपमा लिने गरिन्छ। हामीले इतिहासमा पढेका विवरणहरू अनुसार राजा त्रिभुवन नै राणाशासन विरुद्ध मोर्चाबन्दीमा लागेर राजतन्त्रकै बाजी थापेर प्रजातन्त्र ल्याएका थिए। त्यसैले हामीले राजा त्रिभुवनलाई राष्ट्रपिता तथा फागुन ७ को त्यो अविस्मरणीय दिनलाई प्रजातन्त्र दिवसको रुपमा मनाउन थालेका हौं।

के साँच्चै राजा त्रिभुवन त्यति गर्व गर्न लायक थिए वा के राजा त्रिभुवनकै नेतृत्वले गर्दा राणाशासनको अन्त्य भएको थियो। राणाशासन विरुद्धको मोर्चावन्दी गर्न के भारतीय राजदूतावास नै शरण लिनु आवश्यक थियो। के देशमै बसेर राणाविरुद्ध लाग्न सकिदैनथ्यो त भारतीय राजदूतावासभित्र लुक्न जानु वा भारतसँग शरण माग्नु त कायरता होइन र कुनै बेला राजा सुरेन्द्रले पञ्जाछाप लगाएर सरकार चलाउने अधिकार दिएपछि त्यो पञ्जाछाप रद्द भएको तथा राणाहरूभित्र जहाँनिया अधिकार वञ्चित भएको घोषणा देशभित्र नै बसेर राजाले गर्न सक्दैनथे ?

यी यावत प्रश्नहरूको उत्तर खोज्न मैले गहिराइसँग त्यसबेलाका घटनाक्रमलाई नियाल्ने र अध्ययन गर्ने प्रयास गरे। यसको लागि सबैभन्दा पहिले यहाँका तत्कालिन नेता वा अगुवाहरूभन्दा पनि भारतीय कुटनीतिक भूमिकाहरूलाई बुझ्न खोजें। जसको लागि त्यसबेला भारतको सरकार प्रमुखका रुपमा रहेका सम्पूर्ण पत्रहरू खोतल्न खोजें। नेहरूले तत्कालिन समयमा को कसलाई नेपाल सम्बन्धमा पत्र लेखेका थिए र के के लेखेका थिए भन्ने अध्ययन गर्न थालें।

भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूलाई जीवनकालमा सबैभन्दा बढी पत्रहरू लेख्ने व्यक्तित्वमा पनि लिने गरिन्छ। जब उनले लेखेका पत्रहरू सबै प्रकाशन गर्ने जमर्को गरियो यो पुस्तकहरू करिव ७०० पेजका १०३ वटा ठेली नै भए। स्वतन्त्रता अगाडिका १५ पुस्तक र स्वतन्त्रतापछिका ८८ पुस्तकहरू छन्। जसमा नेपालको प्रजातन्त्रको लहरको शुरुवात २००६ चैत्रदेखि प्रजातन्त्र आइसकेपछि २००८ कात्तिकसम्म लेखिएका पत्रहरूलाई मात्र प्राथमिकतामा राखेर अध्ययन गरेको छु। समुच्च पत्रहरूको ठेलीमा भने नेपालसम्बन्धी धेरै नै पत्रहरू भेटिएका छन्।

२००६ असार २८ गते नेहरूले विहारका मुख्यमन्त्री श्रीकृष्ण सिन्हालाई लेखेको पत्रमा नेपाल सरकारविरुद्ध आन्दोलनरत नेपाली राजनीतिक कार्यकर्ताहरूलाई विहार आउन तथा अन्य कार्य गर्न दिन भनेको छ भने हिंसात्मक आन्दोलनको भने विरोध गरेका छन्। साथै विहार प्रवेश गरेका कुनै पनि नेपालीलाई समाउन नेपाल सरकारका अफिसरलाई विहार प्रवेश गर्न नदिन भनेको छ। यसले स्पष्ट हुन्छ नेहरू नेपालको राणाशासनको समर्थनमा लागेको छैन।

तर २००६ को भदौ ३ गते नेपालका राणा प्रधानमन्त्री मोहन शम्शेरलाई लेखेको पत्रमा नेपाल स्वाधिन राज्य भएकोमा सदैव सुखि रहेको तथा राजनीतिक रुपले खासै समस्या नभएको तर नेपालमा राजनीतिक कैदीहरूमाथि भने अन्तर्राष्ट्रिय कानुनअनुसार व्यवहार नभएको हुँदा यसमा सुधार गर्न अनुरोध गरेका छन्। साथै मोहनशम्शेरले गर्न चाहेको भारत भ्रमणले अझ दुई देश बीचको सम्बन्ध अझ बलियो हुने विश्वास व्यक्त गरेका छन्। यस पत्र पठाएकै दिनमा अर्को पत्र भारतीय राजदूत सिपिएन सिंहलाई पनि लेखेका छन्। जसमा महाराजालाई पठाइएको पत्र तुरुन्त बुझाउन भनिएको छ भने साथमा महाराजालाई पठाइएको पत्रको कपी पनि राखेको छु त्यो पनि पढ्नु भनेका छन्। साथै महाराजालाई राजनीतिक सुधार तथा राजनीतिक कैदीहरू छोड्न तथा जेलको सुविधा केही सुधार गर्न लगाउन पनि सल्लाह दिनु भनेका छन्।

२००६ को भदौ २५ गते आफ्ना राजदूतलाई नेपालको महाराजाको व्यवहारको कटु आलोचना गरेका छन्। आफूले दिएका सुझावहरू अस्विकार गरेकोमा रिस पोखेका छन्। तर महाराजालाई लेखेको असोज १९ को पत्रमा आशावादी रहेको जनाएका छन्। महाराजाले नेपाल राजनीतिज्ञ डिल्लीरमण रेग्मीसँग भारतीय सहायक विदेश मन्त्री डा.बीभी केस्करले भेटेको तथा नेहरूले विपीसँग भेटेको विषयमा दुःख व्यक्त गरेकोमा भारत प्रजातान्त्रिक मुलुक भएको हुँदा कसैले पनि भेट्न खोज्दा भेट्न नगर्ने भन्ने नीति लिन नसक्ने जनाएका छन्। तर यसबाट दुई देशबीचको सम्बन्धमा कुनै अप्ठ्यारो परिस्थितिको सिर्जना नहुने भनेका छन्।


यसैगरी २००६ को चैत्र ४ गते संसद सामु बोल्दै नेहरूले भनेका छन् भर्खरै नेपालका प्रधानमन्त्रीको भारत भ्रमण समाप्त भयो। सौहाद्रपूर्ण यस भेटघाटले हामी दुबै राष्ट्रको उद्देश्य एउटै रहेको देखिन्छ। नेपालमा केही सुधारको मात्र अनुरोध गरेका हौ। यसका लागि हामी कुनै पनि किसिमको दबाब वा आक्रमण गर्ने हाम्रो मनसाय छैन। तर म यो सदन तथा अन्यलाई जानकारी गराउन चाहन्छु कि यस किसिमको मामलामा हाम्रो नीति कस्तो हुनुपर्छ।

यसैबीच २००६ सालको चैत्र २४ गते भारतीय गृह मन्त्रालयले कुनै पनि नेपालीले भारतको सार्वजनिक नोकरीमा काम गर्न पाउने छुट प्रदान गर्न संकल्प प्रस्ताव गर्यो। यसले एउटा भारतीय प्रान्तीय अधिकार नेपाललाई पनि प्रदान गरेको अनूभुति दिलायो। नेपाल र सिक्किम अलग अलग स्वतन्त्र राज्य रहेको भए तापनि दुबै राज्यलाई भारतले यो सुविधा दियो। कालान्तरमा सिक्किमलाई आफूभित्र समाहित गर्न सफल भएको हुँदा कतै भारतको मनसाय नेपालप्रति पनि त्यही रहेको त होइन भन्ने शंका उब्जने ठाउँ यसले बनायो।

२००७ सालमा नेपालमा राणाशासन हटाउन आन्दोलनहरूको शुरुवात हुँदै थियो। विभिन्न क्षेत्रमा जुलुस तथा आक्रमणहरू हुँदै थियो। उता राणा सरकारसँग भारत सरकार एउटा सन्धिको तयारीमा लाग्दै थियो। राणाशासन पतनको संघारमा पुगिसकेको थियो जसले गर्दा राणा प्रधानमन्त्री मोहनशम्शेर भारतको सहयोगले सत्ता अझ बढी लम्ब्याउन सकिने आशामा भारतका शर्तहरू मान्न तयार थियो। चीन नेपाल भारत बीचको सन्धिमा खासै चासो नदिने मनस्थितिमा थियो। यही समयको मौकामा भारतले एउटा सन्धिको तयारी गर्यो। नेपाल भारत शान्ति तथा मैत्री सन्धिको तयारी रहेकै समय २००७ सालको जेठ ९ गते दिल्लीमा भएको पत्रकार सम्मेलनमा नेहरूलाई भारतमा रहेको गोर्खा सैनिकहरूको भविष्य १९५० मा हुने सन्धिमा के कस्तो हुने भनी सोधेको थियो। जसको जवाफमा नेहरूले भनेका थिए- गोर्खा सैनिकहरूको गठन बेलायत रहँदै भएको भए तापनि हामी भारत विरुद्ध गोर्खा सैनिकहरूको उपयोग हुन नदिने शर्त भने राख्नेछौं। त्यस पत्रकार सम्मेलनमा गोर्खा सैनिकहरूको विषयमा मात्र होइन नेपालको राजनीति र पार्टीहरूसँगको भारतको सम्बन्धको विषयमा पनि सोधिएको थियो। त्यसमा भारतमा बसेर नेपाल सरकारको विरुद्ध लाग्न छुट दिइए पनि हिंसात्मक आन्दोलन गर्न भने दिइने छैन भनेको थियो। १९५० को सन्धिको पूर्व तयारी भइरहँदा राणा सरकारलाई चिढाउने मनसाय पनि भारतको थिएन। तसर्थ पनि नेपालसित मित्रवत व्यवहार रहेको देखाउन खोजेको थियो।

१९५० को सन्धिलाई असमान सन्धि भन्नुको कारण यसमा हस्ताक्षर गर्ने समान दर्जाका थिएनन्। नेपालको प्रधानमन्त्री कुनै पनि हालतमा भारतका राजदूत सरह हुँदैन। यो सन्धिमा भारतका प्रधानमन्त्रीले हस्ताक्षर गरेको भए मात्र समानान्तर सन्धि हुन्थ्यो। अन्तर्राष्ट्रिय कानुनअनुसार पनि यो सन्धि बैध हुन सक्दैन।

दोस्रो मोहनशम्शेरको १०४ वर्ष लामो राणाशासन पतनको संघारमा पुग्दा नेहरूले कोशी बाँधको पूर्व तयारी गरेका थिए। सम्झौता मात्र मातृकाप्रसादको सरकारसँग गरेको थियो। तर यसको तयारी १९५० को नेपाल भारत सन्धिभन्दा २० दिनअगाडि नै गरेको थियो। २००७ साल असार २७ गते नेहरूले बिहारका मुख्यमन्त्री श्रीकृष्ण सिन्हालाई पत्र लेखेका छन्। यो पत्र सिन्हाको दुई दिन अगाडिको पत्रको जवाफ थियो। नेहरूले बिहार सरकारलाई नेपाली राजनीतिक कार्यकर्ताहरूमाथि कुनै निगरानी गर्न र उनीहरूको सूचना



नेपाली अफिसरहरूलाई उपलब्ध नगर्न भनेका छन्।

अन्ततः २००७ सालको साउन १६ गते नेपाल भारत शान्ति तथा मैत्री सन्धि भयो। सन्धिको तत्कालै भारतीय राजदूतले नेपालका प्रधानमन्त्री श्री ३ मोहनशम्शेरलाई र नेपालका प्रधानमन्त्रीले भारतीय राजदूतलाई पनि चिट्ठी पठाएको देखिन्छ। ५ बुँदालाई एक अर्कालाई चिट्ठीद्वारा पनि आदानप्रदान गरेको देखिन्छ।

नेपाल भारत सन्धि भएको एक हप्तापछि नेपालको तराईको प्रतिनिधित्व गर्ने दुई राजनीतिज्ञ भद्रकाली मिश्र तथा विन्देश्वरीप्रसाद मिश्र गोप्य रुपमा दिल्ली पुगेर भारतीय राष्ट्रपति राजेन्द्र प्रसादसँग भेट्न सफल हुन्छन्। भारतीय राष्ट्रपतिलाई यी दुईले आफूहरू सामाजिक कार्यकर्ता रहेको तर नेपालको राजनीतिसँग कुनै सरोकार नरहेको जानकारी दिएका थिए। साथै उनीहरूले राष्ट्रपतिलाई कांग्रेसको नेपालमा गहिरो छाप नरहेको तथा धेरैजसो कार्यकर्ता भारतमा नै बस्ने हुँदा कुनै बलियो दलको रुपमा नरहेको पनि जानकारी दिएका थिए। सायद यसै कारणले होला देशमा प्रजातन्त्र आएपछि नेहरूको दबाबमा मोहनशम्शेर र बिपीले भद्रकाली मिश्रलाई मन्त्रिमण्डलमा सामेल गर्न बाध्य भएका थिए।

नेपाल–भारत सन्धिमा हामीले चाहेको बुँदा राख्न राणा प्रधानमन्त्री मोहन शम्शेरलाई तयार बनाउँदा शायद नेहरूले राणा शासन केही समय अझै टिकाउने आश्वासन दिएका थिए होला। तर सम्झौतापछि भने नेपाल सरकारमा बारम्बार राजनीतिक कैदीमाथि दुर्व्यवहार तथा कठोर भएको भन्दै विरोध गरिरहे। यता राजा त्रिभुवनले भारतीय राजदूत सिपिएन सिंहलाई भेट गरेर नेहरूको लागि गोप्य सन्देश पठाउन सफल भए। नेहरूलाई राजाले भारतीय राजदूतावासमा शरण लिन सक्ने जानकारी दिएका थिए। यसको जवाफमा नेहरूले भनेका छन्, 'महामहिम राजदूतबाट जानकारी पाएअनुसार तपाईं र तपाईंको प्रधानमन्त्री बीचको सम्बन्ध र तपाईंको व्यक्तिगत सुरक्षाको कुरा सुन्दा दुःख लागेको छ। म यहाँलाई पूर्ण रुपमा आश्वस्त पार्न चाहन्छु कि हाम्रो दूतावास अन्तर्राष्ट्रिय कानुनको मूल्य र मान्यताअनुरुप हामीले दिन सक्ने सुरक्षा र शरणको लागि तयार छ।'

नभन्दै राजा त्रिभुवन भारतीय राजदूत सिपिएन सिंहको सहयोग र सल्लाहले वि.सं.२००७ साल कातिक २१ गते शितलनिवासमा रहेको भारतीय राजदूतावासमा शरण लिन पुगे। जसको जानकारी तुरुन्तै भारतीय राजदूत सिपिएन सिंहले नेहरूलाई दिए भने नेहरूले त्यसको भोलिपल्ट नै पत्र लेखेर भारतीय राष्ट्रपति राजेन्द्र प्रसादलाई जानकारी दिएका थिए। राष्ट्रपतिको लागि पठाइएको पत्रमा नेहरूले लेखेका छन् बम्बई र पुनाको भ्रमणमा आज साँझ दिल्ली आइपुगे। यस बीच मेरो अनुपस्थितिमा नेपालमा महत्वपूर्ण घटनाक्रमहरू घटित भइसकेको रहेछ।

भोलिपल्ट कातिक २२ मा नेहरूले सिपिएन सिंहलाई टेलिग्राम पठाएर केही कुरा गर्न लगाएका छन्। नेहरूले राजदूतलाई राजासँग भेटेर भारत आउने तयारी गर्न लगाएका छन्। साथै तुरुन्त जहाज पठाउन आफू तत्पर रहेको पनि जनाएका थिए।

यसको भोलिपल्ट कातिक २३ मा भारतीय वायुसेवाको विमानलाई नेपालमा अवतरण गर्न नदिएको तथा भारत र नेपाल बीचको सन्धिको कारणले आफूले विमान अवतरण गर्न नसकिने हुँदा छिट्टै नै कुनै समाधानको उपाय खोज्ने जानकारी भारतीय प्रधानमन्त्री नेहरूले राजदूत सिपिएन सिंहलाई दिएका थिए। कातिक २७ गते डायरीका पन्नामा नेहरूले नोट गरेका छन्। नेपालको अवस्था दिन प्रतिदिन बिग्रँदै गएको तथा नेपाली राजदूत विजय शम्शेरले छिट्टै नै भारतसँग वार्ताको लागि आउन चाहेको सूचना प्राप्त भएको लेखेका छन्। आम नेपाली जनता राजा त्रिभुवनको पक्षमा रहेको तथा नेपाली कांग्रेसको पछि लागेको देखिएको छ। यसर्थ अब नेपाली सेनाको भूमिकामा सबै केन्द्रित रहेको देखिएको अनुमान गरिएको छ। विरगंजमा आन्दोलन चर्किएको तथा विहारका मुख्यमन्त्रीलाई भारतीय भूमीमा नेपाली आन्दोलनकारी तथा नेपाली सैनिकलाई प्रवेश नदिन पनि भनेको लेखेका छन्।

कातिक २८ गते उपप्रधानमन्त्री बल्लभभाइ पटेलले नेहरूलाई लेखेको पत्रका अनुसार पटेलले नेपाली कांग्रेसलाई त्यति नरुचाउने भन्ने देखिन्छ। त्यही दिन इंटेलिजेंस ब्यूरोका डाइरेक्टर बिएन मल्लिकले नेपालको तराईमा नेपाली कांग्रेसका विद्रोहीहरूबाट गरेका क्रियाकलापको विवरण भारतीय प्रधानमन्त्री नेहरूलाई बुझाएका थिए। जसअनुसार कातिक २५ गते राति ८ बजे नेपाली कांग्रेसले महावीर शम्शेरको हिमालयन एभिएशनले पर्चा छरेको थियो। यसको लागि जहाज पटनाबाट उडाइएको थियो। कलकत्ताबाट आएका नेपाली कांग्रेसका करिब २०० हतियारधारी लडाकुहरूलाई मुजफ्फरपुरमा जम्मा गरी ल्याइएका थिए। यी लडाकुहरूलाई मुजफ्फरपुरबाट रक्सौलसम्म ट्रकमा राखेर ल्याइएको थियो। हतियार तथा गोलाबारुद पनि कलकत्ताबाट नै ल्याइएको थियो। वीरगंजका वडाहाकिमलाई समातेर रक्सौलको थानाअगाडि रहेको डाकबंगलामा कैद गरेर राखिएको थियो। कांग्रेसले भागेर जान सक्ने भन्दै शसस्त्र लडाकुहरूले सुरक्षा दिएर राखेका थिए। पछि विहार सरकारले रक्सौलबाट मुजफ्फरपुर लगेर राखेको थियो। नेपालबाट समातेर लगिएका ४६ नेपाली सैनिकहरूलाई समातेर रक्सौलको थानामा राखिएको थियो। तिनीहरूलाई विगत २४ घण्टादेखि नेपाली कांग्रेसको लागि विद्रोही सैनिकको रुपमा काम गर्न दबाब दिए पनि तिनीहरूले कांग्रेसको लागि काम गर्न नचाहेपछि थानाबाट छोड्ने तयारी गरिएयो। नेपाली कांग्रेसले वीरगंजमा रहेको सदर मुलुकी खानाबाट नगद २६ लाख लुटेको रहेछ। त्यस्तै तीन बक्सा सुनको ढिक्का तथा दुई बक्सा सुनको सिक्का पनि चोरेर लगेका थिए। सुवर्ण शम्शेर, बिपी कोइराला तथा तेजबहादुर अमात्यले नेपालमा कार्यालय स्थापना गरे। साथै भारतको रक्सौलमा रहेको सरकारी निवासमा पनि बस्ने गर्थे। तिनीहरूले लुटेको रकम यस निवासमा लुकाएर राखेको आशंका थियो।

वीरगंजको अवस्था भयावह हुदै गयो। साथै सरकारी सेनाको आक्रमणको पनि डरले जनताहरू भाग्न थाले। नेपाली कांग्रेसले सम्पती बेचेर जान पनि बन्देज लगायो। वीरगंजमा ब्यापार गरेर बस्ने मारवाडीहरू पनि रक्सौल भाग्न थाले। वीरगंजबाट नेपाली कांग्रेसका २०० सैनिकहरू उत्तरी अमलेखगंज पुगे। त्यहाँ अन्य १२०० बिद्रोहीहरू नेपाली सेना काठमाडौबाट आउँदै गरेको आशंकामा लुकिछिपि आक्रमणको तयारीमा बसे। भीमफेदी र अमलेखगंज बीच कहीं पनि भिषणयुद्ध हुन सक्ने सम्भावना थियो। आम मानिसहरूमा यस किसिमको लडाइँमा भारतको साथ र सहयोग रहेको धारणा बनाउन थाले। साथमा पत्रपत्रिकाले पनि यस्तै मनसाय रहेको छाप्ने गरेको देखियो।

यस किसिमको जानकारी भारतीय इंटेलिजेंस ब्यूरोका डाइरेक्टर बि एन मल्लिकबाट प्राप्त हुनासाथ नेहरूले विहारका मुख्यमन्त्री श्रीकृष्ण सिन्हालाई टेलिग्राम पठाएर भारतीय भूमी नेपाल सरकार तथा बिद्रोही नेपाली कांग्रेसले प्रयोग गर्न नपाउने तथा हतियार बोकेर आएमा हतियार खोसी प्रवेश गर्न दिने जानकारी दिए।

सोही दिन भारतीय प्रधानमन्त्री नेहरूले बेलायती प्रधानमन्त्री सि आर एटलीलाई वीरगंजमा नेपाली कांग्रेस समर्थित बिद्रोही सैनिकहरूले बडाहाकिमको कार्यालयमा आक्रमण गरेको जानकारी पठाए। साथमा उनले नेपाली कांग्रेसलाई कुनै पनि रुपमा भारतीय भूमी प्रयोग गर्न दिइएको छैन भनेर लेखे। यसरी नेहरूले बेलायती प्रधानमन्त्रीलाई ढाँटेको देखिन्छ। सोही दिन कातिक २८ को दिउँसो नेहरूसँग राजा त्रिभुवनको निकै लामो वार्तालाप गरेको देखिन्छ। नेहरूले सो वार्तालापको जानकारी बुँदागत रुपमा आफ्नो डायरीमा कोरेका छन्।

१. आज नेपालका राजासँग मेरो डेढ घण्टा लामो कुराकानी भयो। मैले उहाँसँग पूर्णरुपमा र स्पष्टसँग कुराकानी गर्दै भारत सरकारको नीति पनि सम्झाए। मैले राजालाई भने नेपालमा प्रजातान्त्रिक सरकार होस भन्नेमा हामी सधैं चिन्तित छौ। त्यसको लागि नेपालको प्रधानमन्त्रीलाई बारम्बार अनुरोध पनि गरेका थियौ तर दुर्भाग्य उसले हाम्रो सल्लाह मान्न नै चाहेनन्।

२. नेपाली कांग्रेसका कार्यकर्ताहरूसंग हाम्रो पुरानो सम्बन्ध थियो। नेपालमा प्रजातन्त्र बहालीको लागि हामी सहमत थियौं। तर, हामीले हिंसात्मक आन्दोलनलाई सहयोग गर्न नसक्ने स्पष्ट पारेका थियौं। त्यसैले हाम्रो भूभागको कुनै पनि क्षेत्रबाट नेपाल विरुद्धमा कुनै पनि कारबाहीका प्रयोग नगर्न भनेका छौ। हाम्रो इलाकाबाट हतियार सहित नेपाल जान अनुमति दिँदैनौं। त्यस्तै नेपाली सेना वा नेपालबाट हतियार सहित भारत आउन पनि कसैलाई दिदैनौ।

३. मैले राजालाई भने कि हर दृष्टिकोणबाट यो उपयुक्त छ कि हामी यस मामिलामा नअल्झियौ। र मैले राजालाई यो पनि भने कि हर हालतमा कांग्रेसका नेताहरूसंग नभेट्नु। यदि ति नेताहरूसंग भेट्नुभयो भने सबै कुरा दिल्लीबाट निर्देशित रहेको शंका गर्नेछ। त्यसैले म पनि कांग्रेसका नेताहरूसंग भेट्न चाहन्न।

४. मलाई यस्तो लाग्छ मैले राजालाई भने कांग्रेसीहरू कुनै विवेक प्रयोग गरिरहेका छैनन्। यिनीहरू संग हामी मिल्नु पनि लज्जास्पद हुनेछ। हामी यिनीहरूसंग टाढिन त चाह्यौ तर हामी प्रजातन्त्रको पक्षमा थियौ। आशा छ यस किसिमको द्वन्द छिट्टै अन्त हुनेछ। यदि हामीबाट केही सहयोग चाहिएमा हामी दिन तयार छौ।

५. मैले राजालाई आफ्नो अवस्था र सल्लाहहरूको बारेमा भने। शायद यसमा विश्वास भएर होला यसलाई मान्न तयार भएको जानकारी दिनुभयो। मैले फेरी पत्रकारसंग धेरै कुराकानी नगर्न पनि अनुरोध गरे।

६. त्यसपछि मैले राजालाई नेपालको भविष्यको बारेमा आफ्नो धारणा बारे प्रश्न गरे। वहाँसंग कुनै स्पष्ट बिचार र धारणा थिएन। लोकतन्त्र बारेमा पनि खासै जानकारी लिनु भएको थिएन। मैले वहाँलाई भने म सहमत छु एक न एक दिन संविधान सभाको गठन गर्नैपर्छ। तर कसरी यसको चुनाव गराउने भन्ने बारेमा अहिले नै केही भन्न सक्दिन। तर पनि अन्तरिम ब्यबस्थाको कुरा भने अवश्य उठ्नेछ।

७. मैले यो सबै विषयमा सोच्नको लागि राजालाई स्वतन्त्र छोडिदिए।

८. राजा फर्केको केही समय पछि मैले जानकारी पाएँ। पटनाबाट बिशेष विमानमा नेपाली कांग्रेसका केही नेताहरू (मातृका प्रसाद, सुवर्णशम्शेर, महावीर शम्शेर तथा बिपी कोइराला) दिल्लीको विलिङ्टन विमानस्थलमा आइपुगेका थिए। जहाँ भारतीय अधिकारीहरूले केही बेर सोधपुछ पनि गरेका थिए। जहाजमा दुइ ठूला ठूला ट्रंकमा नेपाली रुपैया ३५ लाख ल्याइएको थियो जुन विरगंजमा लुटिएको थियो। भारतीय अधिकारीहरूले सोधपुछ पछि नोटहरू गनेर केही कागजपत्र गरेर छोडेका थिए। पछि बिपीले सो पैसा राजा त्रिभुवनलाई हस्तान्तरण गर्न ल्याइएको भनेका थिए।

९. नेपालको हालको अवस्थाबारेमा कुनै निर्णय गर्नुपूर्व बिदेशी मामिला सम्बन्धी समितीको बैठकहुनु जरुरी हुन्छ। साथै यो प्रजातन्त्रको लागि लडाइ समाप्त गर्नको लागि कुनै सुझावहरूको पनि आबश्यकता रहेको देखेको छु।

यसको भोलिपल्ट कार्तिक २९ गतेको बिहानै बिपी कोइरालाले भारतीय प्रधानमन्त्री नेहरूको निजी सचिव एमओ मथाइ संग भेट गरेर भारत सरकारले राजा त्रिभुवनको नेतृत्वमा गठन हुने नेपाली कांग्रेसको सरकारलाई मान्यता दिने आशा ब्यक्त गरे। उनले हतियारको लिष्ट दिदै भारत सरकारबाट सहयोग पाउने आशा पनि ब्यक्त गरे। साथै भारतीय सेनामा कार्यरत गोर्खाली सैनिकहरूलाई पनि नेपालमा राणा विरुद्धको युद्धमा राजा त्रिभुवनको सहयोगमा लड्ने अनुमति दिन पनि अनुरोध गरे। र अन्तमा बिपीले छिट्टै नेहरूसंगको भेटघाटको अपेक्षा पनि राखे।

बिपीसंगको भेट र बिपीको भारत सरकारबाट राखेको अपेक्षा बारेमा निजी सचिवले नेहरूलाई सुनाए। नेहरू बिपी प्रति रुष्ट भए। उनले भने यिनीहरूको माग देखेर म आश्चर्यित भए। यिनीहरू निकै ठूलो भ्रममा छन्। भारत सरकार के हो र सरकारले के कसरी काम गर्दछ भन्ने नै यिनीहरूलाई थाहा छैन।

भारत सरकारले अझै पनि नेपालको राजाको रुपमा त्रिभुवनलाई लिइरहेको छ। र नेपालमा रहेको राणा सरकारसंग पनि सम्बन्ध कायमै छ। यि दुइको बिचमा नेपाली कांग्रेस कतै आउँदैन। साथै नेपाली कांग्रेसले सरकार बनाइ हाल्ने र त्यसलाई मान्यता दिइ हाल्नुपर्छ भन्ने देखिदैन।

नेपाल र भारत सरकार बिच कुनै युद्धको अवस्था नै नहुँदा नेपालको बिद्रोहीहरूलाई सैनिक सहयोग गर्ने कुनै कुरै आउँदैन। हामी त हाम्रो भूमीको उपयोग आक्रमणको लागि समेत नेपाल सरकार तथा बिद्रोही दुबैबाट हुन दिदैनौ।

कोइराला र उनका साथीहरूले यो स्पष्ट बुझ्नुपर्दछ कि उनिहरूले नेपालको स्वतन्त्रता तथा सुधारका लागि जुन कृयाकलाप गरिरहेका छन् यसले नेपालको राजा तथा भारत सरकारलाई निकै लज्जास्पद बनाएको छ। नेपाली कांग्रेसका कार्यकर्ताहरूको कतिपय कामहरू बिना सुझबुझ तथा दुस्साहस पूर्ण रहेको छ जसले यिनीहरूलाई नै हानी पुर्याइरहेको छ। हिजो नेपालमा लुटिएको रकम बोकेर जसरी दिल्ली आइपुगे यसले भारत सरकारलाई निकै लज्जास्पद बनाएको छ।

नेपाली कांग्रेसका नेताहरूलाई मेरो यो सुझाव छ कि यिनीहरू भारत सरकार तथा नेपालको राजासंगबाट टाढा रहनु। साथै दिल्लीमा कोही पनि नबस्नु। यदि भारतमा बसेर गलत गतिविधी सञ्चालन गर्दछ भने यिनीहरूको कृयाकलाप माथि प्रतिवन्ध लगाउन भारत सरकार बाध्य हुनेछ।

भारत सरकार नेपालको हालको समस्यबाट मुक्त दिलाउन तथा नयाँ सरकार गठन गर्ने कार्यमा सहयोग गर्न तयार छ। त्यसको लागि नेपाली कांग्रेसले सबै किसिमका लज्जास्पद गतिविधी त्याग्नु पर्दछ। यदि नेपाली कांग्रेसबाट भइरहेको युद्धरत कृयाकलाप बन्द भयो भने नेपाल सरकारलाई शान्तीवार्ताको लागि आह्वान गर्न सकिन्छ। जसले छिट्टै नै कुनै हल निकाल्नेछ।

**(बाँकी पेज ४ मा)**

प्रेरक

## पुस्तकभन्दा राम्रो साथी छैन

वर्नर हाइजनबर्ग जब १९ वर्षका थिए, तब उनी विद्यालयमा गार्डको ड्युटी गर्थे। एक दिन ड्युटी गरिरहेकै बेला कतैबाट प्रख्यात दार्शनिक प्लेटोको एक पुस्तक भेटे, जसमा प्राचीन ग्रिसको परमाणुसम्बन्धी सिद्वान्त दिइएको थियो।

यो पुस्तक पढ्दा पढ्दै वर्नरलाई भौतिक विज्ञानमा यति रुचि जागेर आयो कि उनले यो क्षेत्रमा केही गर्ने विचार गरे। फेरि के थियो र २३ वर्षको उमेरसम्म उनले आफ्नो बेजोड प्रतिभाको बलमा गोटिजेनमा प्रोफेसर मेक्स प्लङको सहायकको पदमा नियुक्त भए। यसपछि उनले कहिल्यै पछाडि फर्केर हेर्नु परेन।

आफ्नो जीवनको २४ वसन्त बितुन्जेल हाइजनवर्ग केपनहेगनको विश्वविद्यालयमा लेक्चरर भइसकेका थिए। २६ वर्षको उमेरसम्म पुग्दा आफ्नो पहिलाको ६/७ वर्षको अनुसन्धानको आधारमा उनलाई भौतिक विज्ञानमा असाधारण योगदानका लागि नोबेल पुरस्कार प्रदान गरियो। यस प्रकार एउटा पुस्तकले एउटा गार्डलाई नोबेल पुरस्कार विजेता बनाइदियो।यसर्थ भनिन्छ, पुस्तकभन्दा असल दोस्रो साथी छैन।

## समयको महत्व

अमेरिकाका प्रथम राष्ट्रपति जर्ज वासिंगटनलाई समयको महत्व बुझ्ने मानिसको रूपमा विश्वभर उदाहरणस्वरूप प्रयोग गरिन्छ। उनलाई समयको मूल्य थाहा थियो। यसैले सदैव आफ्नो एक/एक पलको सदुपयोग गर्थे।

एकपटक उनले आफ्ना केही साथीलाई भोजनका निम्ति निमन्त्रणा गरे। दिनको ३ बजेको थियो। संयोगवश पाहुनाहरू त्यो समयमा आएनन्, तब उनले एक्लै खाना खान सुरु गरे। केही बेरपछि आएका पाहुनाहरूलाई उनको यस्तो चाला देखेपछि नराम्रो लाग्यो।

जर्ज वासिंगटनले भने, 'क्षमा गर्नुस्। खाना टेबलमा ल्याउनुअगाडि मेरो भान्सेले यो सोध्दैन कि पाहुना आए या आएनन्, केवल यो सोध्छ समय भयो या भएन ?' उनको यस्तो कुरा सुनेर पाहुना लज्जित भए।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

आफ्ना सूचना बाहिरिनाले समस्या पर्न सक्छ। कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी तथा आलस्य अनुभूति हुनेछ। सामान्य काममा धन र श्रम खर्चनुपर्ला। पहिले बिग्रिएको काममा दोहोर्याएर प्रयत्न गर्दा फाइदा उठाउन सकिनेछ। स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्याउनुहोला। समस्याप्रति गम्भीर नबन्दा अवसर गुम्न सक्छ।

### वृष

धेरैको मन लोभ्याउने प्रगति हासिल हुनेछ। व्यापारमा लाभ लिने समय छ। विभिन्न भौतिक साधन प्राप्त हुनेछन्। धन तथा ज्ञानको भण्डार बढ्नेछ। मेहनतले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। रमाइलो यात्रा गर्ने अवसर जुट्नेछ। प्रियजनसँग भेटघाट हुनुका साथै आतिथ्यपूर्ण सम्मान प्राप्त होला। व्यवसायले यात्रा गर्ने अवसर दिलाउन सक्छ। पारिवारिक चिन्ताले सताउनेछ।

### मिथुन

स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ। चुनौती पन्छाएर काम बनाउन सकिनेछ। शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ। पुरुषार्थले समाजमा स्थापित बनाउन सक्छ। रोकिएका काम बन्नाले मनग्गे लाभ हुनेछ। ईर्ष्या गर्नेहरूले हार खानेछन्। व्यापारलगायत आर्थिक लाभ हुने नयाँ योजना शुभारम्भ गर्ने समय छ। धार्मिक कार्यमा मन जानेछ।

### कर्कट

समयतालिका नमिल्दा योजना अधुरै रहनेछ। हल्लाको पछि लाग्दा व्यर्थैमा दुःख पाइनेछ। आफ्ना कामबाट अरूले फाइदा उठाउने चेष्टा गर्लान्। स्वास्थ्य-चिन्ताले सताउन सक्छ। अध्ययनमा कमजोरी अनुभूति हुनेछ भने अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला। परिस्थितिवश आँटेको काम रोकिन सक्छ। नयाँ काम प्रारम्भ गर्न समय प्रतीक्षा गर्नुहोला।

### सिंह

तत्कालको फाइदा हेर्दा पछिलाई घाटा हुन सक्छ। बेसुरमा बोल्ने बानीले दुःख पाइनेछ। विशेष योजना सार्वजनिक नगर्नुहोला। काम बिग्रने डरले सताउनेछ। साझेदारीमा समस्या आउनाले पहिलेको सम्झौता भंग हुन सक्छ। अरूको फाइदाका लागि उपयोग भइएला। पशुधन र जमिनबाट सामान्य लाभ हुनेछ। आमाको सहयोगले काम बनाउन सकिनेछ।

### कन्या

छोटो समयमा उपलब्धि हातलागी हुनेछ। स्रोत-साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। मिहिनेतले दैनिकीमा परिवर्तन ल्याउन सकिनेछ। रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ। नौलो प्रकृतिको काम शुभारम्भ गर्ने मौका छ।

### तुला

आत्तिने बानीले काम बिग्रनुका साथै हातमा आएको मौका गुमाउनुपर्ला। बोलीको गलत अर्थ लाग्नाले वादविवादमा परिने सम्भावना छ। स्थायी सम्पत्तिमा विवाद आउन सक्छ। मिहिनेत गरीकन चिताएको मूल्य प्राप्त नहुन सक्छ। ईर्ष्या गर्नेहरूले सताउलान्। पहिलेकै काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ। अध्ययनमा समय दिन नसकिएला।

### वृश्चिक

बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द लिने अवसर जुट्नेछ। सुन्दर पहिरनले व्यक्तित्वमा आकर्षण ल्याउनेछ। मनपर्ने वस्तु, उपहार प्राप्त हुनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। रचनात्मक कामले मनग्य धन आर्जन हुनेछ। सफलताले हौसला जगाउनेछ। सोचेको कुरा नपुग्दा चिन्ता बढ्नेछ। आर्थिक अवस्था सुधार्न निकै परिश्रम गर्नुपर्नेछ।

### धनु

आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ। बेलैमा होस नपुग्नाले केही चुनौती झेल्नुपर्ला। समय दिन नसक्दा काम बिग्रन सक्छ। लगानी बढाउनुपर्ने बाध्यात्मक परिस्थिति आउन सक्छ। आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन्। शुभचिन्तकहरू समेत टाढा हुनेछन्। धेरै लगानीपछि कममात्र फाइदा हुनेछ।

### मकर

मिहिनेत गर्दा नयाँ काम फेला पर्नेछ। कृषि, पशुपालनमा आदिमा फाइदा हुने समय छ। आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ। आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ। कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ। केही रकम भने अरूका लागि खर्चनुपर्ने हुन सक्छ।

### कुम्भ

मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ। प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ। विभिन्न अवसरले पछ्याउनेछन् भने भविष्यका लागि दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ। नोकरी तथा व्यवसायमा विशेष फाइदा होला। रुचिका विषयमा लगानी बढाउन सकिनेछ।

### मीन

प्राप्त भए पनि उपलब्धिका लागि समय प्रतीक्षा गर्नुहोला। आशा देखाउनेहरूबाट धोका हुन सक्छ। आफ्ना कमजोरीको फाइदा अरूले उठाउनेछन्। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्दा मिहिनेतको फल प्राप्त हुनेछ। फाइदा नहुने काममा जुट्नुपरे पनि सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ। सोचेको भन्दा अन्य ठाउँमा खर्च बढ्नेछ। कामको तनाव बढे पनि आर्थिक समस्या हुने छैन। विदेश राम्रै फाप्ने देखिन्छ।

# समाचार

## सवारी दुर्घटनामा ३ जनाको मृत्यु

काठमाडौं। कालिकोट, पलाता गाउँपालिका-९ घाटाचौरस्थित सडकमा ठक्करबाट सोही गाउँपालिका-१ बस्ने ६२ वर्षीय परिलाल भण्डारीको घटनास्थलमै मृत्यु भएको छ। सुनसरी, कोसी गाउँपालिका-८ भाण्टावारीस्थित सडकमा ट्रकको ठक्करबाट साइकलयात्री सोही ठाउँ बस्ने ६० वर्षीय भरत सहनीको मृत्यु भएको छ। उनको जिल्ला अस्पताल इनरुवा सुनसरीमा उपचारको क्रममा मृत्यु भएको हो। धनुषा, औरही गाउँपालिका-२ परवाहास्थित सडकमा साइकलको ठक्करबाट सोही ठाउँ बस्ने ५५ वर्षीया उर्मिलादेवी मण्डलको मृत्यु भएको छ। उनको नवजीवन अस्पताल जनकपुर हुँदै थप उपचारको लागि विराटनगरतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो।

## मृत अवस्थामा फेला

काठमाडौं। काठमाडौं, चन्द्रागिरी नगरपालिका-१२ बलम्बुस्थित न्याय खोलामा सोही नगरपालिका सानो मन्दिरस्थित डेरा गरी बस्ने उदयपुर ताक्ली गाउँपालिका-४ घर भएका १४ वर्षीय अनिष राउत मृत अवस्थामा फेला परेका छन्। रोल्पा, त्रिबेणी गाउँपालिका-६ रानीमहल बस्ने ३० वर्षीया रामसरी वलि आफ्नै घरबाट ५ सय मिटर टाढा रहेको पोखरीमा मृत अवस्थामा फेला परेकी छन्।

रुपन्देही, देवदह नगरपालिका-११ शकरपुरस्थित छाप्रोमा बस्दै आएका यकिन वतन नखुलेका भारत घर बताउने मागी खाई हिँड्ने गरेका करिब ५५ वर्षीय राजकिशोर चौधरी मृत अवस्थामा फेला परेका छन्। सिन्धुपाल्चोक, चौतारा सागाचोकगढी नगरपालिका-६ गिदाने बस्ने ४० वर्षीय रामकाजी थापा घरबाट करिब २ सय मिटर टाढा भिरमुनि मृत अवस्थामा फेला परेका छन्।

## सवारी दुर्घटनामा परी मृत्यु

काठमाडौं। बैतडी, धनुषा, मकवानपुर, इलाम, ललितपुर र लुमजुङमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी १० जनाको मृत्यु भएको छ। बैतडी, पाटन नगरपालिका-३ झालीमालीमा बा.३ ख ४८७९ नम्बरको टिपर आफैँ अनियन्त्रित भई सडकबाट करिब ३ सय मिटर तल खसेर दुर्घटना हुँदा ४ जनाको मृत्यु भएको छ। टिपरमा सवार सोही ठाउँ बस्ने ४५ वर्षीय जनक राज पन्त लगायत ३ जनाको घटनास्थलमै र १२ वर्षीय राजेन्द्र प्रसाद पन्तको डडेल्धुरा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो।

धनुषा, धनुषाधाम नगरपालिका-९ धारापानीस्थित सडकमा टाटा सुमो र मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकलमा सवार २ जनाको मृत्यु भएको छ। मृत्यु हुनेहरूमा सोही नगरपालिका-८ बस्ने २४ वर्षीय मनिष बिक र शहिदनगर नगरपालिका-१ बस्ने १९ वर्षीय महेश कुमार सहनी रहेका छन्। उपचारको लागि प्रादेशिक अस्पताल जनकपुर पठाएकोमा मनिषको बाटोमै र महेश कुमारको उपचारको क्रममा मृत्यु भएको हो।

मकवानपुर, ईन्द्रशरोबर गाउँपालिका-२ सुकौरास्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा चालक सोही ठाउँ बस्ने ३३ वर्षीय दोर्जे लामाको घटनास्थलमै मृत्यु भएको छ। इलाम नगरपालिका-१० घट्टास्थित सडकमा बस दुर्घटना हुँदा गाडीमा सवार बारा सिम्राहागण नगरपालिका-७ बस्ने ३५ वर्षीय प्रदिप कुसुवाहको गाडीले च्याप्पिएर घटनास्थलमै मृत्यु भएको छ।

ललितपुर महानगरपालिका-१५ एन्फा नजिक सडकमा गाडी आफैँ अनियन्त्रित भई दुर्घटना हुँदा गाडीमा सवार माहांकाल गाउँपालिका-३ गोटिखेल घर भएका ६६ वर्षीय सन्त प्रसाद तिमल्सिनाको मृत्यु भएको छ। उनको उपचारको लागि बिएण्डबि अस्पताल लैजाँदै गर्दा बाटोमै मृत्यु भएको हो।

लमजुङ, दोर्दी गाउँपालिका-६ ताजेस्थित निर्माणाधिन सुपरदोर्दी हाईड्रोपावर सुरुङभित्र जाँदै गरेको मसला बोक्ने ट्रान्जिट मिक्चर अप्रेट गाडीमा फलामको रड अचानक खसेर लाग्दा चालक चितवन मेघौली बस्ने ३६ वर्षीय ईश्वर पुलामी मगरको गएराति मृत्यु भएको छ। चोट लागेर गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल बेसिशहरमा उपचारको क्रममा मृत्यु भएको हो।

## करेन्ट लागेर मृत्यु

लमजुङ । क्व्होलासोथर गाउँपालिका-३ बगुम बस्ने ३५ वर्षीय कुम बहादुर गुरुङको करेन्ट लागेर सोमबार दिउँसो मृत्यु भएको छ। सोही ठाउँस्थित बिजुलीको पोलमा अचानक छोएर करेन्ट लाग्दा अशक्त भएका उनको जिल्ला अस्पताल लमजुङमा उपचारको क्रममा मृत्यु भएको हो।

## मृत अवस्थामा फेला

सुनसरी। हरिनगरा गाउँपालिका-३ राम टोल बस्ने २० वर्षीया निलम कुमारी रामकी छोरी १ वर्षीया सुस्मिता कुमारी राम सोही घरको आँगनमा रहेको ट्युबेलको पानी जमेको खाल्डोमा सोमबार मृत अवस्थामा फेला परेकी छन्। उक्त खाल्डोमा उनको शव फेला परेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय सुनसरी र प्रहरी चौकी भुटाहाबाट खटिएको प्रहरीले यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ।

## भरुवा बन्दुक पड्किएर मृत्यु

सिन्धुली। तिनपाटन गाउँपालिका-९ बोकेलप्सी बस्ने २२ वर्षीय पुनी साईला भन्ने दिल बहादुर केप्छाकीको भरुवा बन्दुक पड्किएर लाग्दा आइतबार साँझ मृत्यु भएको छ। घर नजिकै जंगलमा भरुवा बन्दुक पड्किएर दिल बहादुरको मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय सिन्धुली र प्रहरी चौकी चकमकेबाट खटिएको प्रहरीले यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ।

## सवारी दुर्घटनामा परी मृत्यु तथा घाइते

काठमाडौं। सुनसरी, भोक्राहा नर्सिह गाउँपालिका-५ स्थित सडकमा स्कुटरलाई एम्बुलेन्सले ठक्कर दिँदा स्कुटर चालक ईनरुवा नगरपालिका-५ बलाहा बस्ने ३८ वर्षीया निर्मला उरावको मृत्यु भएको छ। उनको जिल्ला अस्पताल ईनरुवामा उपचारको क्रममा मृत्यु भएको हो।

रोल्पा, लुङ्ग्री गाउँपालिका-४ जलुकेस्थित सडकमा रा.१ ख १७८७ नम्बरको टिपर अनियन्त्रित भई सडकबाट करिब १ सय ५० मिटर तल खसेर आइतबार राति दुर्घटना हुँदा टिपरमा सवार लुङ्ग्री गाउँपालिका-२ बस्ने ३७ वर्षीय अमृत बहादुर वलिको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको प्राथमिक स्वास्थ्य केन्द्र सुलिचौरमा उपचारको क्रममा मृत्यु भएको हो। साथै दुर्घटनामा घाइते भएका टिपर चालकको सोही अस्पतालमा उपचार भइरहेको छ। टिपरमा चालक सहित ४ जना सवार रहेको बुझिएपछि अन्य व्यक्तिहरूको प्रहरीले खोजी गरिरहेको छ।

## छतबाट खसेर मृत्यु

सिन्धुली । इटहरी उपमहानगरपालिका-६ आइतबारे बस्ने ५५ वर्षीय बिमल गुप्ताको आफ्नै घरको २ तला माथि छतबाट खसेर आइतबार दिउँसो मृत्यु भएको छ। छतमा काम गर्नेक्रममा लडेर गम्भीर घाइते भएका उनको बिराट टिचिङ हस्पिटलमा उपचारको क्रममा मृत्यु भएको हो।

## गाडीको ठक्करबाट १ जनाको मृत्यु

रोल्पा। सुनिल स्मृति गाउँपालिका-४ सुलिचौर बजारमा गाडीको ठक्करबाट पैदलयात्री सोही गाउँपालिका-२ खुङ्गी धारापानी बस्ने ७६ वर्षीय लाल बहादुर भुसालको आइतबार बिहान मृत्यु भएको छ। उनको प्राथमिक स्वास्थ्य केन्द्र सुलिचौरमा उपचारको क्रममा मृत्यु भएको हो।

## मृत अवस्थामा फेला

काठमाडौं। कैलाली, घोडाघोडी नगरपालिका-१ बेलार बस्ने ४० वर्षीया रबिना कठरिया सोही ठाउँस्थित जनहित सामुदायिक जंगलमा मृत अवस्थामा फेला परेकी छिन्। दार्चुला, नौगाड गाउँपालिका-६ बस्ने सङ्वा ठगुन्नाको घरमा शैल्यसिखर नगरपालिका-४ स्थित सेतकला घर भएकी २२ वर्षीया कमला ठगुन्ना मृत अवस्थामा फेला परेकी छिन्। गाडी चालक आफ्नै श्रीमान प्रेम सिँह ठगुन्नालाई भेट गर्न भनी गत फागुन २ गते गाडी साहु निज सङ्वा ठगुन्नाको घरमा गई बसेकी उनको सोही घरभित्र शव फेला परेको हो।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Fallacious =भ्रमपूर्ण The notion that the wealth brings happiness is fallacious धन नै सबै खुसीको स्रोत हो भन्ने तर्क भ्रमपूर्ण छ।

Garrulous = गफाडी, He is such a garrulous person that sometimes opens even the secret unknowingly उ यस्तो गफाडी छ कि गफको धुनमा कहिलेकाहीँ गोप्य कुरा पनि फुत्त खोलिहाल्छ।

Hyperbole = अतिशयोक्ति, बढाइँचढाइँ Considering him to be a leader of national level is nothing but a hyperbole उनलाई राष्ट्रिय नेताको तहमा राखी गुणगान गाउनु अतिशयोक्तिबाहेक केही होइन।

Idolatry = पुजक, प्रशंसक Folk music is so popular here that almost everyone is idolatry thereof यहाँ लोकगीत यति प्रिय छ कि यहाँका सबैजसो त्यसका प्रशंसक छन।

Jocose = हाँसो उठ्दो, हँसाउने, She does not like his jocose manner even if it is harmless उसको हँसाउने प्रवृत्ति आपत्तिजनक नभए पनि उनी त्यसलाई मन पराउन्नन्।

Kernal = मुख्य अंश Nobody liked his statement even if it was a kernel of truth उसको वक्तव्यको मुख्य अंशले सत्यको उदघाटन गरेको भए तापनि यसलाई कसैले मन पराएनन्।

Lassitude = शारीरिक वा मानसिक थकाइ Meditation can be a remedy for growing lassitude ध्यान गर्नु बढ्दै गइरहेको शारीरिक वा मानसिक थकाइको औषधि सावित हुनसक्छ।

Malingerer = बिरामी भएको बहानामा कामबाट भाग्ने The captain ordered his assistant to punish all the malingerers and force them to work बिरामीको बहाना गरी कामबाट भाग्नेहरूलाई दण्डित गरी काममा लगाउनु भनी कप्तानले आफ्नो सहायकलाई आदेश दिए।

Neophyte = शिकारु The analysis of the problem can be done only by the expert not by the neophytes यो समस्याको विश्लेषण विशेषज्ञले मात्र गर्न सक्छन शिकारुले होइन।

Obviate = पूर्ति गर्नु, A contribution of a big amount as such can obviate any financial need यति ठूलो धनराशिको योगदानले कुनै पनि वित्तीय आवश्यकताको पूर्ति गर्न सक्छ।

# Attack बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Bear Something = हुनु This document does not require to bear your signature यी दस्तावेदमा तिम्रो हस्ताक्षर नहुँदा पनि हुन्छ।

Bear something = ब्यहोर्नु I can not bear the expenses incurred by you तिमीले गरेको खर्च म ब्यहोर्न सक्तिन।

Bear something = उल्लेख हुनु This inscription has not borne the date of Lichhavi dynasty in Nepal यो शिलालेखले नेपालको लिच्छवी शासनको मिति उल्लेख गरेको छैन।

Bear something = बाँकी हुनु His body still bears the scar of the wound during the civil war उसको शरीरमा अझै पनि गृहयुद्धताका भएको घाउको खत बाँकी छ।

Bear something = उस्तै देखिनु She bears little resemblance to her mother तिनी अलिकति भए पनि उनकी आमा जस्तै देखिन्छिन्।

Bear something = मिल्नु The whole essay does not bear its title पुरै निबन्ध यसको शिर्षकसँग मिल्दैन।

Bear something = कायम राख्नु This family has borne well its name and honor from ancient time यो परिवारले प्राचीनकालदेखि नै आफ्नो नाम र गौरव कायम राखेको छ।

Bear something = जोडनु She does not like to bear her husband's surname तिनी आफ्नो लोग्नेको थर आफ्नो नाममा जोडन मनपराउँदिनन्।

Bear something = धारण गर्नु Doctor says the she can well bear a child डाक्टरले भनेअनुसार तिनी राम्रै गर्भधारण गर्न सक्छिन्।

## सुडोकु-अंक २५१

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ८ | १ | | | | ७ | | |
| | | | ५ | ८ | ६ | | | |
| | | ९ | ३ | | | | | ४ |
| | ५ | ६ | ४ | | | | ३ | |
| ३ | | | | | | | | २ |
| | ७ | | | | ९ | ६ | ४ | |
| ९ | | | | | ४ | ५ | | |
| | | | ८ | ९ | ७ | | | |
| | | २ | | | | ४ | ७ | ९ |

## अंक २५० को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | ६ | २ | ७ | ५ | ३ | ४ | ९ | १ |
| ५ | ३ | ९ | ८ | १ | ४ | २ | ६ | ७ |
| ४ | १ | ७ | ९ | २ | ६ | ८ | ३ | ५ |
| ७ | ४ | ५ | ३ | ९ | ८ | ६ | १ | २ |
| ९ | ८ | १ | ४ | ६ | २ | ५ | ७ | ३ |
| ६ | २ | ३ | १ | ७ | ५ | ९ | ८ | ४ |
| १ | ७ | ४ | २ | ८ | ९ | ३ | ५ | ६ |
| २ | ५ | ८ | ६ | ३ | १ | ७ | ४ | ९ |
| ३ | ९ | ६ | ५ | ४ | ७ | १ | २ | ८ |

# Dwelling Houses First and Power Station Second



People were always deeply seated in the heart of Chairman Kim Jong Il of the National Defence Commission of the Democratic People's Republic of Korea, who, regarding the people as his God, devoted all his life to them. Their demands and interests were the criteria and starting-point of all his thinking and practice and he made no compromise with regard to them. He considered their aspiration and demand first when formulating a line or policy and regarded it as an iron rule to resolve them.

Following is a story that proves it. One very cold and windy day in March 2006 he visited the construction site of the Samsu Power Station in a northern alpine area of the country.

While inquiring into the progress of its construction, he asked the officials what measures they had taken concerning the dwelling houses of the residents in the area to be submerged.

They replied that no measures had been taken yet as the project of the power station was still under way.

He said with a serious expression on his face: I came not only to get a firsthand knowledge of the progress of the dam construction of the Samsu Power Station but also to inquire into the construction of the houses for the residents who would be relocate from the area to be inundated; in the Samsu Power Station project, importance should be given to two fronts, in other words, the construction of the power station and new houses for the families to be relocated, with priority given to the latter; we should build their houses before we complete the construction of the power station and start producing electricity.

He learned that if the power station was brought to completion, nine ris would be submerged in water and that if the residents of 4 900 households, who lived there, were relocated, the number would be 15 000 people in total when each household was assumed to have three members. Now he told the officials to take immediate measures for solving the housing problem for them. Then he stressed that as the state was duty-bound to provide the people with houses in the DPRK, theCabinet should take full responsibility for this work.

In this way over 150 villages were newly built in a short span of time and the local people were provided with houses which were better than their previous ones.When the relocated families moved to new houses, Kim Jong Il had a colour TV set, duvets, blankets, winter coats, various other kinds of clothes and daily necessities sent to each household.

There are many similar stories which show his affection for the people.

It is not accidental that Pulikovski, former chief presidential delegate to the Far Eastern Federal District, Russia, wrote in his memoirs that he was convinced that all the activities of Chairman Kim Jong Il of the DPRK National Defence Commission were geared to attaining a single objective, that is, to bring happiness and prosperity to his people.

Every year the Korean people celebrate February 16, Kim Jong Il's birthday, as the greatest national holiday. This year is very significant for them as it is the 80th anniversary of his birth.

**Visitors to Mt Paektu**

There is an endless stream of visitors to Mt Paektu(2750m), which stands imposingly in the northernmost part of the Democratic People's Republic of Korea. The visitors are filled with the faith and will to follow the road of socialism to the end by learning the spirit of the forerunners associated with Paektu, the sacred mountain of the Korean revolution.

**Cultured Mountain City of the DPRK**

The photos above show parts of the city of Samjiyon in the northern part of the Democratic People's Republic of Korea.

The model cultured mountain city situated in the area which is 1 300 metres above sea level on average, gives a glimpse into the level of civilization which the Korean people aspire after and are creating.

Snowscape in Pyongyang

The national and modern scenery of Pyongyang looks fresher covered with snow.

















## भारत हुँदै...

कार्यालयले एक महिनायता १ सय ५० बढीलाई फिर्ता गरेको छ। शंकास्पद देखिएकालाई फिर्ता गरिएको विभागका महानिर्देशक भट्टराईले बताए।

भिजिट भिसाका नाममा हुने मानव तस्करी रोक्न सरकारले कार्यदल बनाएर अध्ययन थालेको छ। गृह मन्त्रालयका सहसचिव फणीन्द्रमणि पोखरेलको संयोजकत्वमा कार्यदल गठन भएको छ। श्रम मन्त्रालयले पनि भिजिट भिसामा गएर अलपत्र परेकालाई उद्धार गर्न चासो देखाएको छ। संस्थागत भिजिटमा गएका २२ जना र व्यक्तिगत गएका ४३ जनाको उद्धार गरेको मन्त्रालयले जनाएको छ। त्रिपलस्टार इम्पोइमेन्टबाट गएका १२ मध्ये ८ जना स्वदेश फर्काइएको छ। अन्य चार जना स्वच्छाले उतै बसेको मन्त्रालयले जनाएको छ। मन्त्रालयका उपसचिव विष्णु लामिछानेले मानव तस्करी तथा ठगी नै भएकाले कडाइ गरिएको बताए।

युवालाई प्रलोभनमा पारेर सेटिङ मिलाई भिजिट भिसामा पठाउने गरिएको छ। यसमा तस्कर, म्यानपावर व्यवसायी, प्रहरी तथा अध्यागमन विभागलगायतको मिलेमतो हुने गरेको खुलेको छ। श्रमस्वीकृति नलिई पठाउँदा सहज हुने भएकाले तस्करले यो विधी रोजेका हुन्। वैदेशिक रोजगार ऐन आकर्षित नहुने हुँदा भिजिटमा गएकालाई राहत दिन कठिन हुने श्रम मन्त्रालयले जनाएको छ।

## क्यासिनोको...

क्यासिनो नियमावलीले पुराना इजाजतपत्र पाएको कम्पनीले नियमावली सुरु भएको ९ महिनाभित्र तोकिएका मापदण्ड पूरा गरेर निवेदन दिन भनेको थियो। तर, याक एन्ड यतीले ८ वर्षदेखि निवेदन पनि नदिएको र रोयल्टी पनि नबुझाएको हो। उक्त क्यासिनोले ४२ करोड रुपैयाँ रोयल्टी र नवीकरण शुल्क तिरेको थिएन।२०४८ सालदेखि यो क्यासिनो सञ्चालनमा छ। यस्तै ह्याप्पी आवरलाई पनि होटल तथा त्यसमा सञ्चालित क्यासिनो बन्द गर्न निर्देशन दिइसकेको छ। उक्त कम्पनीले रोयल्टीबापत करिब ३८ करोड तिर्न बाँकी छ।

पर्यटनमन्त्री प्रेमबहादुर आलेले रोयल्टी नतिर्ने क्यासिनोको लाइसेन्स नै खारेज गर्ने चेतावनी दिएका थिए। त्यसपछि १७ कम्पनीले बक्यौता बुझाएका छन्। विभागका अनुसार २०७८ फागुनको पहिलो हप्तासम्ममा ८१ करोड रोयल्टी उठेको छ। बैंक जमानतबापत १४ करोड २० लाख रुपैयाँ प्राप्त भएको विभागको तथ्यांकमा छ। हाल इजाजतपत्र प्राप्त २४ कम्पनी सञ्चालनमा छन्। माघ मसान्तसम्म क्यासिनो बक्यौता १ अर्ब ९० करोडभन्दा बढी थियो। हरेक आर्थिक विधेयकमा क्यासिनो सञ्चालनबापत सरकारलाई राजस्व बुझाउने उल्लेख छ। नयाँ आर्थिक वर्षको पहिलो दुई महिनाभित्र राजस्व तिरे जरिवाना नलाग्ने व्यवस्था छ। त्यसपछिको ३ महिनाभित्र १५ प्रतिशत थप र मंसिरसम्म पनि तिर्न नआए ३० प्रतिशत जरिवाना तिर्नुपर्ने व्यवस्था छ। तर, कतिपय क्यासिनोहरूले २०७१ देखि नै राजस्व बुझाएका छैनन्।

## भूराजनीतिक...

एमसीसी सम्झौता कार्यान्वयनमा जाँदा केही समयअघि अमेरिकाले एमसीसी कार्यान्वयन गर्ने कि नगर्ने विषयमा यथाशीघ्र निर्णय गर्न नेपालको राजनीतिक नेतृत्वलाई आग्रह गरेको थियो। पछिल्लो पटक माघ २७ गते दक्षिण एसिया तथा मध्य एसियासम्बन्धी अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुले प्रधानमन्त्री शेरबहादुर देउवा, माओवादी अध्यक्ष प्रचण्ड र प्रमुख प्रतिपक्षी दल एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई टेलिफोन गरेर एमसीसीबारे यथाशीघ्र निर्णय गन्र भनेका थिए। नेपाली नेताहरूसँगको कुराकानीमा लुले एमसीसी पास नगरे अमेरिकाले नेपालसँगको सम्बन्धमा पुनर्विचार गर्ने चेतावनी दिएको समाचार सार्वजनिक भएको थियो। सहायक मन्त्री लुले एमसीसी कार्यान्वयन नभएमा अमेरिकाले त्यसमा चिनियाँ भूमिकाले काम गरेको ठान्ने बताएका थिए।

एमसीसी संसदमा टेबुल भएसँगै यसलाई अनुमोदन गराउन विशेषतः नेपाली कांग्रेसले सक्रियता बढाएको छ। कांग्रेसले प्रमुख प्रतिपक्षी दल एमालेसँग केही जेन्टल एग्रिमेन्ट गरेको कुरा पनि बाहिर आएको छ। सभामुखलाई कांग्रेसले हटाउने भएपछि आफूहरूले सम्झौता टेबल गर्न दिएको माओवादी अध्यक्ष प्रचण्डले बताएका छन्। माधवकुमार नेपालसहित पार्टीले कारबाही गरेका १४ सांसदलाई पदबाट हटाउनुपर्ने वा सभामुखले राजीनामा दिनुपर्ने माग राख्दै लामो समयदेखि एमालेले संसद अवरुद्ध गर्दै आएको छ। यी दुईमध्ये एक माग पूरा भए सरकारमा पनि सहयोग गर्ने र एमसीसी पनि निर्विवाद पास गर्न सघाउने प्रस्ताव राखेको छ। गठबन्धनले सहयोग नगरे कांग्रेसले एमालेसँग सहकार्य गर्ने निश्चित जस्तै छ।

गठबन्धनमा रहेका माओवादी केन्द्र र एकीकृत समाजवादीले विपक्षमा मतदान गर्ने औपचारिक निर्णय गरिसकेका छन्। सत्ता साझेदार जनता समाजवादी पार्टीमा विवाद देखिएको छ। अध्यक्ष उपेन्द्र यादव एमसीसी पास नगर्ने पक्षमा छन् भने संघीय परिषद् अध्यक्ष डा.बाबुराम भट्टराई एमसीसी हुबहु पारित गर्नुपर्ने बताइरहेका छन्। जनमोर्चा, नेमकिपा र राष्ट्रिय प्रजातन्त्र पार्टी पनि एमसीसीको विपक्षमै छन्।

संसदमा टेबल भएको एमसीसी सम्झौता अनुमोदन गर्न तीन चरण पूरा गर्नुपर्ने प्रावधान छ। संसदमा टेबल भइसकेकाले पहिलो चरण पूरा भएको छ। दोस्रो चरणमा सैद्धान्तिक छलफल, तेस्रो चरणमा दफावार छलफल र अनुमोदन गर्नुपर्ने हुन्छ। सडकमा प्रदर्शन भए पनि यसको छिनोफानो अब संसदीय प्रक्रियाबाटै हुन्छ। सम्झौता संसदमा पेस भएसँगै अनुमोदन गर्ने/नगर्ने अधिकार सांसदसमक्ष पुगेको छ। सम्झौता संसदमा पेस भएपछि सरकारले सामान्य छलफल गरियोस् भन्ने प्रस्ताव गर्नुपर्ने प्रावधान छ। छलफल हुँदा अनुमोदन गर्नुपर्ने वा नपर्ने कुरामा सीमित रही सन्धिको सैद्धान्तिक पक्षमा मात्र छलफल हुन्छ। छलफलको समय कति तोक्ने भन्ने सभामुखको तजबिजमा भर पर्छ। छलफलको अन्त्यमा सम्बन्धित मन्त्रीले छलफलमा उठेका प्रश्नको जवाफ दिनुपर्ने हुन्छ।

तत्कालीन अर्थमन्त्री डा.युवराज खतिवडाले एमसीसी सम्झौता संसदमा दर्ता गर्दा नै अनुमोदन अघि संसदमा सम्बोधन गर्न नमिल्ने व्यवस्था राखेकाले यसमा सांसदले संशोधन प्रस्ताव गर्न पाउने छैनन्। 'साधारण बहुमतबाट सम्झौता अनुमोदन गर्नका लागि सम्मानित संसदमा पेस गरेको छु।' निर्णयमा भनिएको छ, यस प्रस्तावको अनुमोदनका क्रममा आरक्षणको व्यवस्था गरिएको छैन। प्रतिनिधिसभा नियमावली नियम २२४ मा सरकारले ल्याएको सम्झौतामा आरक्षण राख्न सकिने व्यवस्था भए मात्रै आरक्षणउपर संशोधन हाल्न मिल्ने प्रावधान छ। एमसीसीमा आरक्षणको व्यवस्था नगरिएकाले सामान्य छलफल समाप्त भएको १२० घन्टाभित्र सम्झौताको विषयमा सीमित रही संशोधन पेस गर्न चाहने सदस्यले त्यस्तो संशोधनको सूचना महासचिव वा सचिवलाई दिन सक्थे।

संशोधन नहुने भए पनि बैठकमा सांसदहरूले विस्तृत छलफल गर्नेछन्। त्यो छलफलका क्रममा सांसदले बोलिसकेपछि मन्त्रीले जवाफ दिनुपर्ने हुन्छ। त्यस्तो छलफलमा बोल्नका लागि सांसदले सोझै सभामुख छेउमा बसेका कर्मचारीलाई नाम टिपाउनुपर्ने हुन्छ। छलफल गर्न चाहनेलाई समय उपलब्ध गराउनुपर्ने अभ्यास छ। सांसदका प्रश्नको जवाफ दिने क्रममा मन्त्रीले बोलिसकेपछि सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुपर्ने हुन्छ। प्रस्तावको पक्षमा बहुमत पुगे प्रतिनिधिसभाबाट अनुमोदन हुनेछ। सरकारले संविधानको धारा २७९ अनुसार बैठकमा उपस्थित सांसदको साधारण बहुमतबाट अनुमोदन गर्न एमसीसी सम्झौता संसदमा दर्ता गरेको छ।

संविधानको धारा २७९ को २ मा राष्ट्रलाई व्यापक गम्भीर वा दीर्घकालीन असर नपर्ने साधारण प्रकृतिका सन्धि वा सम्झौता मात्रै प्रतिनिधिसभा बैठकमा उपस्थित सदस्यहरूको साधारण बहुमतबाट अनुमोदन हुन सक्ने व्यवस्था छ। संसदमा २७१ सांसद कायम छन्। सांविधानको धारा ९४ मा संघीय संसदको कुनै पनि सदनको बैठकमा सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्य उपस्थित नभएसम्म कुनै प्रश्न वा प्रस्ताव निर्णयका लागि प्रस्तुत गर्न नहुने व्यवस्था छ। एक चौथाइ भनेको ६९ जना हुन्छन्। संविधानको धारा २७९ मा सन्धि सम्झौता अनुमोदन गराउन उपस्थित सांसदको साधारण बहमुत भए मात्रै भए हुने व्यवस्था भएकाले एमसीसी अनुमोदन गराउन ३५ सांसदले मतदान गरे पुग्छ।

सरकारले ल्याएको सम्झौता अनुमोदनका क्रममा ध्वनि मत वा सभामुखले 'हुन्छ' 'हुन्न' र 'मत दिन्न' भन्ने सदस्यलाई कुनै तरिकाले विभाजन गरी मत संकलन गर्न सकिन्छ। सभामुखले एमसीसी ध्वनि मतले नभई मत विभाजनबाट निर्णय गराउने संकेत दिएका छन्। प्रतिनिधिसभा नियमावलीको नियम २९ अनुसार निर्णयार्थ प्रस्तुत गर्ने क्रममा कम्तीमा २८ जना सांसदले सभामुखसमक्ष मत विभाजनको माग गर्न सक्छन्। छलफल सकिएपछि सभामुखले एमसीसीलाई निर्णयार्थ प्रस्तुत गर्नेछन्। एमसीसीलाई साधारण बहुमतबाट पारित गर्नका लागि सरकारले पत्र पठाएको थियो। त्यो भनेको ध्वनि मतबाट उक्त प्रस्ताव पारित गर्नका लागि निर्णयार्थ प्रस्तुत गरिनेछ। ध्वनि मतमा जाँदा सत्तापक्षसँग बहुमत हुन्छ भन्ने बुझाइ संसदीय व्यवस्थामा रहन्छ। ध्वनि मतको निर्णयप्रति सांसदहरूले असन्तुष्टि जनाए भने हस्ताक्षर नै संकलन गरेर मत विभाजन गर्नुपर्ने हुन्छ। प्रतिनिधिसभामा अनुमोदन भएपछि राष्ट्रिय सभामा पठाइनेछ। अस्वीकार भएमा त्यसको जानकारी सरकारलाई लेखेर पठाइन्छ। प्रतिनिधिसभाबाट अनुमोदन भएपछि राष्ट्रिय सभामा पनि प्रतिनिधिसभाकै प्रक्रिया दोहोरिन्छ।

प्रतिनिधिसभामा एमालेका ९८ सांसद छन्। कांग्रेसका ६२ मध्ये विजय गच्छदार र मोहम्मद अफ्ताव आलम निलम्बनमा छन्। माओवादी केन्द्रका ४९ र एकीकृत समाजवादीका २३ सांसद छन्। जसपाका २१ र लोसपाका १३ सांसद छन्। राजमो, नेमकिपा र राप्रपा तथा स्वतन्त्रको १।१ सांसद मात्र छन्।

## एक खर्बको...

गत वर्ष ७ महिनामा १७ अर्ब २६ करोड रुपैयाँको ग्यास आएको थियो । ७ महिनामा ३३ अर्ब ५६ करोडको पेट्रोल, २९ अर्ब ८७ करोडको एमएस बिलेट, २९ अर्ब २२ करोडको कच्चा पाम तेल आएको छ । २८ अर्ब ३८ करोडको मोबाइल टेलिफोन र २७ अर्ब ६२ करोडको सुन आयात भएको भन्सार विभागको तथ्यांक छ । ७ महिनामा २६ अर्ब ८५ करोडको कोभिडको खोप आयात भएको छ । गत वर्षको पहिलो ७ महिनामा भने १ अर्ब ३४ करोडको कोभिड खोप आएको थियो । पछिल्लो समय निर्यात व्यापार पनि बढेको छ ।

सात महिनामा निर्यात व्यापार ८८.३० प्रतिशत बढेर १ खर्ब ३० अर्ब ६५ करोड रुपैयाँ पुगेको विभागको तथ्यांक छ । सबैभन्दा बढी भटमासको प्रशोधित तेल ३६ अर्ब ८५ करोडको निर्यात भएको छ । गत वर्ष ७ महिनामा १९ अर्ब ५९ करोडको निर्यात भएको थियो । दोस्रोमा प्रशोधित पाम तेलकै निर्यात ३४ अर्ब १५ करोड रुपैयाँ पुगेको छ । गत वर्ष यही अवधिमा यसको निर्यात न्यून थियो । व्यवसायीहरूले भटमास, सनफ्लावर, पाम तेलको कच्चा पदार्थ आयात गरी यहाँ रिफाइन गरेर पुनः भारत पठाउने गरेका छन् । निर्यात बढाउन सरकारले निर्यातमा सहुलियत दिएको छ, जसले गर्दा व्यवसायीहरूले आयातित कच्चा तेल रिफाइन गरेर भारत पठाइरहेका छन् । भ्यालु ऐड गरी निर्यात हुँदा स्वदेशमा रोजगारीसँगै मुलुकले राजस्व पनि पाएको सैंजूले बताए । यद्यपि कच्चा पदार्थ आयातभन्दा पनि स्वदेशमै उत्पादन गर्नेतर्फ जोड दिनुपर्ने उनको भनाइ छ । ७ महिनामा ७ अर्ब १ करोडको सेन्थेटिक यार्न, ५ अर्ब ९ करोडको ऊनी गलैंचा र ४ अर्ब १९ करोडको तयारी कपडा निर्यात भएको विभागको तथ्यांक छ । जुटका बुनिएका कपडा ३ अर्ब ७० करोड, जमोठ कपडा २ अर्ब ९४ करोड, फलफूलको जुस २ अर्ब ९१ करोड, अलैंची २ अर्ब ६३ करोड र सूर्यमुखीको प्रशोधित तेल २ अर्ब ६४ करोडको निर्यात भएको छ ।

## रूस-युक्रेनबीच...

पश्चिमा राष्ट्र र नेटोको चर्को आलोचना गरे। अमेरिकासहित बेलायत, नेटो गठबन्धनलगायत अन्तर्राष्ट्रिय जगतले रुसको कदमको निन्दा गरेको छ। संयुक्त राष्ट्र सुरक्षा परिषद्को बैठकमा पश्चिमा मुलुकले रुसको भर्त्सना गरेका हुन्। अमेरिकाले नागरिकलाई विद्रोही क्षेत्रसँग व्यापार गर्न प्रतिबन्ध लगायो। अन्य सहयोगी राष्ट्रले जस्तै थप प्रतिबन्ध लगाउने चेतावनीसमेत दियो। जर्मनीले रूस जोड्ने संयुक्त ग्यास पाइपलाइन परियोजना 'नर्ड स्ट्रिम २' को प्रमाणीकरण प्रक्रिया स्थगनको घोषणा गरेको छ। जर्मन चान्सलर ओलाफ स्कोल्जले पूर्वी युक्रेनमा मस्कोको कारबाहीपछि विवादास्पद नर्ड स्ट्रिम २ पाइपलाइनको प्रगति रोकेका हुन्।

रूसबाट ऊर्जामा युरोपेली निर्भरता बढाउने यो पाइपलाइन वर्षौंदेखि युरोप र अमेरिकामा विवादको मुख्य जड बनेको छ। प्रमाणीकरण वा बिनास्वीकृति प्रक्रिया पाइपलाइन सुरु गर्न सकिँदैन। पाइपलाइनले २६ मिलियन जर्मन घरलाई सस्तो मूल्यमा तताउन सक्ने जनाइएको छ। पाइपलाइन गत सेप्टेम्बरमा सकिए पनि सञ्चालनमा भने आउन सकेको छैन।

मस्कोले पृथकतावादी शासनलाई मान्यता दिँदा अन्य युरोपेली राष्ट्रलाई पनि खतरा बनेको प्रतिक्रिया युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले दिएका छन्। आफूले यस्तो अवस्था कदापि नचाहेको जेलेन्स्कीले बताए। रूससँग कूटनीतिक सम्बन्ध तोड्न आफ्नो विदेश मन्त्रालयले गरेको अनुरोधबारे विचार गरिरहेको उनले बताए। आफ्नो इस्टोनियाली समकक्षीको साथमा भएको पत्रकार सम्मेलनमा जेलेन्सकीले आफ्ना युरोपेली सहयोगीलाई मस्कोविरुद्ध प्रतिबन्ध लगाउन ढिलाइ नगर्न आग्रह गरे। रुससँग ठूलो रूपको द्वन्द्व भयो भने आफू मार्सल कानुन लगाउन तयार रहेको पनि उनले बताए।

पुटिनले सोभियत संघलाई पुनर्जीवित गर्न खोजेको आरोप युक्रेनका रक्षामन्त्री ओलेक्सी रेज्निकोभले लगाएका छन्। रेज्निकोभले पूर्वी युक्रेनका दुई छुट्टिएका क्षेत्रलाई मान्यता दिने मस्कोको निर्णयले सन् १९९१ मा पतन भएको ब्लकको पुनरुत्थानतर्फ क्रेमलिनले अर्को कदम चालेको बताए। अबका यात्रामा केही कठिन चुनौतीको सामना गर्नुपर्ने उनले बताए। भने, 'तपाईंले पीडा, डर र विश्वासघातलाई जित्नुपर्छ। तर, विजय हाम्रो पर्खाइमा छ। किनभने, हामी हाम्रो भूमिमा छौं र सत्य हाम्रो पछाडि छ।' मस्कोले आपराधिक व्यवहार र स्वतन्त्र संसारलाई बन्धक बनाउने प्रयास गरेको आरोप उनले लगाए।

बेलायतका प्रधानमन्त्री बोरिस जोनसनले रुसका पाँच बैंक रोसिया, आईएस बैंक, जनरल बैंक, प्रोम्स्ब्याज बैंक र ब्ल्याक सी बैंकविरुद्ध प्रतिबन्ध घोषणा गरेका छन्। संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनिओ गुटेरस र युरोपेली संघले पनि रुसी कदमको निन्दा गर्दै यसलाई अन्तर्राष्ट्रिय कानुनको ठाडो उल्लंघनको संज्ञा दिएका छन्।सयुंक्त राष्ट्रसंघका लागि चीनका राजदूत झाङ जुनले सबै पक्षलाई संयम हुन आग्रह गरेका छन्। उनले युक्रेनमा तनाव बढाउनबाट जोगिन पनि आह्वान गरेका हुन्। तर, पूर्वि युक्रेनमा मस्कोसमर्थित क्षेत्रहकरूका लागि क्रेमलिनको स्वतन्त्रताको मान्यताको भने उनले निन्दा गरेनन्। संयुक्त राष्ट्र सुरक्षा परिषद्को सोमबार रातिको आपतकालिन बैठकमा बेइजिङले कुटनीतिक समाधानका लागि हुने हरेक प्रयासलाई स्वागत र प्रोत्साहन गरेको जुनले बताए। उनले सरोकारवाला सबैलाई समानताको आधारमा व्यवहार गर्नुपर्ने धारणा राखे।

### अब के होला युक्रेनमा ?

भ्लादिमिर पुटिनले २१ फेब्रुअरीमा युक्रेनको डोनबास क्षेत्रका दोनेत्स्क (डिपिआर) र लुहान्स्क जनगणतन्त्र (एलपिआर) को स्वतन्त्रतालाई मान्यता दिनु र यी गणतन्त्रमा 'शान्तिसेना' तैनाथ गर्नु अहिलेका ठूला घटनाक्रम हुन्। यसले सात वर्षसम्म रुसले कागजी रूपमा मात्रै मान्दै आएको मिन्स्क सम्झौता (मिन्स्क-२) लाई त्यागेको संकेत दिन्छ। यो मान्यतापछि रुसलाई यी नवराज्यमार्फत युक्रेनमा हस्तक्षेप गर्ने वैधानिक आधार मिलेको छ। रुसी सैन्यदल युक्रेनी सीमामा प्रवेश गरिरहेका छन्, जुन उनीहरूले द्वन्द्वको सुरुवाती चरणमा सकेका थिएनन्।

नवराज्यमा रुसी समर्थनको मूल ध्येय युक्रेनको पुनः कब्जा रोक्नु थियो। यो समर्थन डिसेम्बरमा अमेरिकाले युक्रेनमा आफ्ना सेना नपठाउने निर्णयको नतिजाका कारण आएको देखिन्छ। तर, युक्रेन एवं अमेरिकाका अधिकारीले अस्वीकार गरे पनि युक्रेनका डोनबास क्षेत्रमा ठूला बमबारी र भिडन्त भएको अर्गनाइजेसन फर सेक्युरिटी एन्ड कोअपरेसन इन युरोप (ओएससिई) का युद्ध मानचित्रले पुष्टि गरेको छ। ओएससिईका दुई युद्ध मानचित्रअनुसार फेब्रुअरीको सुरुवातमा रुसी सीमानजिक दुईतिहाइदेखि तीनचौथाइ क्षेत्रमा बमबारी गरिएको देखाएको छ। फेब्रुअरीमा मात्रै दैनिक ६० बमबारी भएका छन्।

अर्को बढी सम्भावित कारण भनेको अहिलेको कार्यनीतिक हारले भविष्यमा रणनीतिक जित हुन सक्छ भन्ने देखिन्छ। अर्थात् रुसी आक्रामकता बढ्दै जाँदा पश्चिमा जगत्‌बाट सैन्य सहयोग तीव्र हुने देखिन्छ। जेसुकै उद्देश्य भए पनि गत साताको युक्रेनी आक्रामकता र नतिजामा आएको डिपिआर र एलपिआरको रुसी वैधानिकताले द्वन्द्वलाई नयाँ चरणमा पुऱ्याएको छ। नवराज्यमा सैन्य द्वन्द्व बढ्ने देखिन्छ अर्थात् रुसी हवाई बमबारीको उच्च सम्भावना देखिन्छ। अमेरिका र युरोपको सम्भावित बहिष्करणसँगै रुस लगभग सबै प्रतिबन्धमा पर्ने देखिन्छ। हाम्रो उद्देश्य नै रुसलाई उपलब्ध सबै सेवाबाट वञ्चित गराएर नियन्त्रण गर्नु रहेको छ। उसो त पुटिनको क्रोध राज्यले नियन्त्रण गर्छ र उनी झुक्छन् पनि, तर अहिले उनी निकै क्रुद्ध छन्।

युक्रेनको बमबारीअगाडि रुसले युक्रेनलाई रक्तपात मच्चाउन नदिने बताएको छ। युक्रेनमा हताहती कम भए पनि अमेरिका र पश्चिमले जनतामाथि अत्याचार लाद्ने शासकलाई समर्थन गर्न छाड्नेछैनन्। पुटिनले युक्रेनमा 'नरसंहार' भएको भन्नु अतिशयोक्ति हो, तर याद राख्नुपर्ने विषय के हो भने सर्बियामा अमेरिकी हस्तक्षेप सन् १९९९ मा ४५ जना कोसोभो अलगाववादी मारिँदा भएको थियो। क्रिमियाको र अहिलेका दुई नवराज्यमा कुल ६० लाख मानिस बसोवास गर्छन् र यहाँका एकतिहाइदेखि आधा जनसंख्या विस्थापन हुनु पश्चिमका लागि ठूलो विषय होइन, तर यस क्षेत्रका मानिसका लागि ठूलो क्षति हो। वास्तवमा क्रिमिया र अहिलेका नवराज्यका मानिस किभको नियन्त्रण मन पराउँदैनन्। विडम्बना विश्व व्यवस्था यिनको आफ्नै मुलुक छान्ने अधिकारको वञ्चितीकरणमा अडिएको छ। एजेन्सीको सहयोगमा

## चीनका...

बैठकले गरेका निम्न निर्णयहरूलाई यस प्रेस विज्ञप्ति मार्फत सार्वजनिक गरिएको छ : नेपाल सरकारले अमेरिकी निगम एम.सी.सी.सँग २०७४ साल भदौ २८ गते पूर्वाधार निर्माणका दुईटा परियोजनाको निर्माण गर्ने नाममा गरेको सम्झौता अमेरिकाको सुरक्षा रणनीति (आई.पी.एस) को अङ्ग बनेको प्रमाणित भएकोछ। यसलाई नेपालले स्वीकार गरे आफ्नो भूराजनीतिक बिशेषता अनुकुलको देशको असंलग्न परराष्ट्र नीतिको अन्त्य हुने, देश अन्तर्राष्ट्रिय गुटबन्दी र आन्तरिक तथा वाह्य द्वन्दमा फस्ने र प्रकारान्तरमा यसको शान्ति, स्थिरता, स्वतन्त्रता एवम् सम्प्रभूतामा नै निश्चितरूपमा खलल पर्नेछ। यस्ता दूरगामी परिणामको हेक्का नराखी गरिएको उक्त राष्ट्रघाती सम्झौतालाई अविलम्व अस्वीकार नगरी त्यसलाई अनुमोदन गर्ने उदेश्यले संसदमा टेबुल गर्ने राजनीतिक तिकडमु भइरहेको बैठकले ठहर गरेको छ। साथै बैठकले राष्ट्रघाती MCC सम्झौता खारेजीका निम्ति व्यापक जनदबाब सिर्जना गर्न बिभिन्न देशभक्त दल, मोर्चा, अभियान र संगठन/संस्थाहरूसँग मिलेर अघि बढाइएको संयुक्त आन्दोलनलाई अझ प्रभावकारी ढंगले निरन्तरता दिने निर्णय गरेको छ।

बैठकले अमेरिकी प्रशासनले एमसीसी-सम्झौता स्वीकार गर्न नेपाललाई दबाब र धम्की दिन थालेको, नेपालले उक्त सम्झौता अस्वीकार गरेको खण्डमा त्यसको जिम्मेवार चीन हुने दृष्टिकोण अघि सारेको र उक्त सम्झौता चीनको बिरुद्ध लक्ष्यित भएको प्रकारान्तरले पुष्टि गरेको अबस्थामा जनवादी गणतन्त्र चीनका विदेशमन्त्रीले नेपालमा "अमेरिकाको जबर्जस्तीको कुटनीति"को प्रतिवाद गर्ने बयान दिनु सकारात्मक भएको ठहर गरेको छ। विकास वा राजनीतिको छनौट नेपाली जनताको सार्वभौम अधिकारका बिषय हुन्। तिनलाई नेपाली जनताले नै सम्बोधन र समाधान गर्न पाउने र कसैले हस्तक्षेप गर्नु नहुनेमा चीनले सधैं जोड दिंदै आएको छ। नेकपा (माले) ले चीनको बर्तमान प्रतिकृयालाई यही परिप्रेक्ष्यमा सकारात्मक रुपमा लिएको छ।'

## युक्रेनमा नबस्न...

उपलब्ध व्यावसायिक हवाई उडानको उपयोग गरेर स्वदेश फर्किन पनि मन्त्रालयले अनुरोध गरेको छ। 'युक्रेनमा रहनुभएका नेपाली नागरिकले त्यहाँको वर्तमान अवस्था तथा विकसित हुँदै गरेका घटनाक्रमको मूल्यांकन गरेर अति आवश्यक परी त्यहीँ रहनुपरेमा बाहेक उपलब्ध व्यावसायिक हवाई उडानको उपयोग गरी स्वदेश फर्कन परराष्ट्र मन्त्रालय अनुरोध गर्दछ', मन्त्रालयको सूचनामा भनिएको छ, 'साथै, अति आवश्यक अवस्थामा बाहेक हाललाई युक्रेन भ्रमण स्थगित गर्नसमेत अनुरोध गरिन्छ।'मन्त्रालयले नेपाली राजदूतावास, बर्लिनमा रहेका ३८ बढी नेपाली सम्पर्कमा रहेको र उनीहरू सकुशल रहेको जानकारीसमेत गराएको छ। आवश्यक परेमा बर्लिनमा रहेको दूतावासमा सम्पर्क गर्नसमेत अनुरोध गरिएको छ।

'युक्रेनका लागिसमेत सहप्रमाणीकृत नेपाली राजदूतावास, बर्लिन युक्रेनमा रहेका ३८ भन्दा बढी नेपाली नागरिकसँग सम्पर्कमा रहेको र उनीहरू सबै सकुशल रहेको जानकारी प्राप्त भएको छ', मन्त्रालयको सूचनामा भनिएको छ, 'त्यहाँ रहेका नेपाली नागरिकले आवश्यक परेमा नेपाली राजदूतावास, बर्लिनमा सम्पर्क गर्न सकिने व्यहोरा जानकारी गराइन्छ।'

युक्रेनस्थित गैरआवासीय नेपाली संघका अध्यक्ष हरि मल्लले युक्रेनमा झण्डै दुई सयजना नेपाली रहेको बताउनुभएको छ। उहाँका अनुसार युक्रेनलाई ट्रान्जिट बनाउनैका लागि आएका नेपालीमध्ये धेरैजसो विद्यार्थी भिसामा र कतिपय मानव तस्करीको चंगुलमा परेर ओडेसा, किभ, खार्कोभ, लुज्क, बेलिचेर्कोभ लगायतका सहरमा बसेका छन्।

## विद्युत्...

बजार विस्तार गर्न भारतले तेर्स्याइरहेका कानुनी र प्रक्रियागत तगाराहरू पनि थपिँदो छन्। भारतले एकपछि अर्को उल्झन बनाइरहेको छ। आजको बैठकको एजेन्डाका रूपमा यीमध्ये केही समस्यामाथि छलफल हुने ऊर्जा मन्त्रालयले जनाएको छ।

नेपालको विद्युत् 'डे अहेड मार्केट' को अवधारणामा 'इन्डियन इनर्जी एक्सचेन्ज' (आईईएक्स) मा बेच्नका लागि गत कात्तिक १७ मा मात्रै बाटो खुलेको हो। त्यसपछि नेपालले विभिन्न ८ वटा आयोजनाबाट उत्पादित साढे ८ सय मेगावाटभन्दा बढी विद्युत् भारतमा बेच्नका लागि अनुमति मागिरहेको छ। तर उसले २४ मेगावाटको त्रिशूली र १४ मेगावाटको देवीघाट जलविद्युत् आयोजनाको मात्रै विद्युत् किन्न अनुमति दिएको छ। बाँकी ६ वटा आयोजनालाई स्वीकृति दिएको छैन। जसमा माथिल्लो तामाकोसी, कालीगण्डकी, मर्स्याङ्दी, मध्यमर्स्याङ्दी, माथिल्लो भोटेकोसी र चमेलिया जलविद्युत् आयोजना छन्।

अन्तरदेशीय विद्युत् व्यापार गर्दा उत्पादन तथा प्रसारणका कुनै आयोजनामा तेस्रो मुलुकको लगानी भएमा त्यस्तो विद्युत् नकिन्ने भारतको नीति छ। जसकारण यी ६ वटा आयोजनाको विद्युत् भारतीय बजारसम्म पुग्न नपाएको हो। यद्यपि, यी आयोजनाहरूमा भारतको सीमा जोडिएका कुनै पनि मुलुकको लगानी नरहेको प्रस्टीकरण नेपालले बारम्बार दिँदै आएको छ। नेपालको विद्युत् बजारका लागि भारतबाट सिर्जित अर्को व्यवधान हो- 'बंगलादेशमा विद्युत् बेच्नका लागि बाटो नदिनू।' नेपालले बंगलादेशसँग विद्युत् व्यापारका लागि भारतको प्रसारणलाइन प्रयोग गर्नुपर्छ। विद्युत् व्यापार वा आदानप्रदानमा भारतको भूमि प्रयोग गर्नुपर्ने भएकाले त्रिदेशीय रूपमा छलफल र वार्ता गर्नुपर्नेबारे दुवै मुलुकले यसअघि नै सहमति गरिसकेका छन्।

जेएससी आठौं बैठकले कटौया-कुसाहा १३२ केभी अन्तरदेशीय प्रसारणलाइन बनाउनका लागि सम्झौता गरेको थियो। यो प्रसारणलाइन बनाउन नेपालले व्यहोर्नुपर्ने रकम बिहार स्टेट पावर ट्रान्समिसन लाइन (बीएसपीटीसीएल) लाई तिरिसकेको छ। तर, आयोजना बनाउन प्रारम्भिक चरणका कामहरूसमेत सकिएका छैनन्। भारतले आफ्नो लगानी रहेको अरुण-३ जलविद्युत् आयोजनामा बढी चासो देखाइरहेको छ। बुधबार बसेको जेडब्लूजीको बैठकमा अरुण-३ लाई पनि भारतले मुख्य एजेन्डाका रूपमा राखेको थियो। ९ सय मेगावाट उत्पादन क्षमताको अरुण-३ जलविद्युत् आयोजना र उक्त आयोजनासँगै बनिरहेको प्रसारणलाइन तोकिएको समयभित्रै सक्न उसले नेपाललाई आग्रह गरेको छ। यो आयोजना भारतीय कम्पनी सतलज जलविद्युत् निगम (एसजेभीएन) लिमिटेडले बनाइरहेको छ।

## व्यापार घाटा...

अनुसार चालु आर्थिक वर्षको पहिलो सात महिनामा मुलुकको व्यापार घाटा ३८ दशमलव ४५ प्रतिशतले वृद्धि भएको हो। अघिल्लो आर्थिक वर्षको पहिलो सात महिनामा सात खर्ब ३३ अर्ब रहेको व्यापार घाटा चालु आर्थिक वर्षको सोही अवधिमा बढेर १० खर्ब १५ अर्ब पुगेको छ।

भन्सार विभागका अनुसार गत आवका पहिलो सात महिनाको तुलनामा आयात ४२ दशमलव ७८ प्रतिशतले बढेको छ। गत आवको पहिलो सात महिनामा आठ खर्ब तीन अर्ब मूल्य बराबरको आयात भएकामा चालु आवको सोही अवधिमा ११ खर्ब ४७ अर्ब पुगेको छ।

त्यस्तै आव २०७७/७८ को पहिलो सात महिनाको तुलनामा चालु आवको सोही अवधिमा निर्यात ८८ दशमलव ३० प्रतिशतले बढेको छ। गत आवको माघ मसान्तसम्म ६९ अर्ब ९१ करोड बराबरको निर्यात भएकामा चालु आवको सोही अवधिमा एक खर्ब ३१ अर्ब बराबरको निर्यात भएको छ।

गत आवको पहिलो सात महिनासम्म कुल वैदेशिक व्यापारमा आयातको हिस्सा ९२ प्रतिशत रहेकामा चालु आवमा सोही अवधिमा दुई दशमलव ४९ प्रतिशतले घटेर ८९ दशमलव ७१ प्रतिशतमा आएको छ। त्यस्तै वैदेशिक व्यापारमा निर्यातको हिस्सा २८ दशमलव ६० प्रतिशतले बढेको छ। गत आवको माघ मसान्तसम्म वैदेशिक व्यापारमा निर्यातको हिस्सा आठ प्रतिशत रहेकामा चालु आवको सोही अवधिमा १० दशमलव २९ प्रतिशत पुगेको छ।

चालु आवको पहिलो सात महिनामा नेपालको वैदेशिक व्यापारमा प्रमुख हिस्सा ओगट्ने पेट्रोलियम पदार्थमध्ये डिजेलको आयात अत्यधिक रहेको छ। चालु आर्थिक वर्षको पहिलो सात महिनामा ७२ अर्ब ९६ करोड बराबरको डिजेल भित्रिएको छ। त्यस्तै आयातमा भटमासको कच्चा तेल दोस्रोमा छ।

## कलाकार...

आफ्नै घर अगाडि कलाकार लामा बुधबार बिहान मृत फेला परेका थिए। प्रहरीका अनुसार लामा आफ्नै गाडीमा अल्झिएर लड्दा मृत्यु भएको हो। प्रहरीले कलाकार लामा मंगलबार साँझ ७ बजे मिटिङमा सहभागी हुन भनी बौद्ध गएको जनाएको छ।

बिहानैदेखि उनको निवासमा नेपाली चलचित्रका निर्देशक, कलाकार, गायक, संगीतकार, स्थानीय जनप्रतिनिधि र स्थानीयवासीको बाक्लो उपस्थिति रहेको थियो। लोकगायक, संगीतकार, गीत संकलक, अभिनेता, निर्माता तथा निर्देशक लामा पाँच दशकदेखि कलाकारिताको क्रियाशील थिए। 'कलकत्ते काइँयो...' गीत गाएर निकै चर्चामा आएका लामाले 'पानी पऱ्यो बलेसी, हेलम्बु डाँडापारि, मेरो माया छ भने त्यता, लौन हजुर के गरौँ, नक्कलीलाई पातलीलाई कसरी बिहे गरुँ, चुइँचुइँ चुइँकने जुत्ता, केको साँचो डल्ली रेशम फलामको साँचो, पानको पात, सलल पानी यही बस्यो, बानी आँखैमा गाँजलु काखैमा मादलुजस्ता लोकगीत अझै पनि उत्तिकै लोकप्रिय छन्।

वि.सं. २०३० सालमा 'मनको बाँध' चलचित्रबाट पहिलोपटक अभिनय यात्रा सुरू गरेका लामाले लोकगीतको शब्द संकलन, गायन, संगीत तथा निर्देशनसमेत गर्दै आएका थिए। एक सयभन्दा बढी चलचित्र र दर्जनौं टेलिचलचित्र, केही गीति भिडियोमा समेत अभिनय गरेका उनले पछिल्लो समय हाँस्य टेलिशृंखला 'हल्का रमाइलो' मा अभिनय गर्दै आएका थिए। विभिन्न विद्यालयमा उनी संगीत गुरुका रूपमा क्रियाशील थिए। लामाका श्रीमती र दुई छोरा छन्। लामाको दिवंगत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जलि व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं।

## कर्जा...

बढाउँछन्। यसरी तुलनात्मक रूपमा त्यो क्षेत्रको कर्जा महँगो हुन जान्छ। यसकारण जोखिम भारमार्फत कम उत्पादनमूलक मानिएका क्षेत्रमा जाने कर्जामा राष्ट्र बैंकले कडाइ गर्ने नीति लिएको हो। तोकिएका क्षेत्रमा राष्ट्र बैंकले दोब्बरसम्म जोखिम भार बढाएको छ। निर्देशनमार्फत राष्ट्र बैंकले व्यक्तिगत ओभरड्राफ्ट कर्जाको जोखिमभार १ सय ५० प्रतिशत पुऱ्याएको छ।

यसअघि यस्तो भार ७५ प्रतिशत थियो। यस्तै, व्यक्तिगत हायरपर्चेज कर्जाको भार पनि १ सय ५० प्रतिशत पुऱ्याइएको छ। यसअघि यस्तो भार व्यक्तिका लागि ७५ प्रतिशत र संस्था कम्पनीका लागि १ सय प्रतिशत थियो। सेयर कर्जामा पनि जोखिम भार बढाएर १ सय ५० प्रतिशत र ट्रस्ट रिसिप्ट कर्जाको भार १ सय २० प्रतिशत पुऱ्याइएको छ।

उल्लिखित क्षेत्रमा जोखिम भार बढाएको राष्ट्र बैंक प्राथमिकताका क्षेत्रमा प्रवाह हुने कर्जामा भने केही लचिलो बनेको छ। निर्देशनअनुसार वाणिज्य बैंकहरूले वि.सं. २०८० सम्ममा कृषि क्षेत्रमा कुल कर्जाको न्यूनतम १५ प्रतिशत प्रवाह गर्नुपर्ने अनिवार्य व्यवस्था थियो। यस्तै, वि.सं. २०८१ सम्म ऊर्जामा कुल कर्जाको १० प्रतिशत र विपन्न वर्गमा (एक करोडभन्दा कम रकमको) १५ प्रतिशत कर्जा प्रवाह गर्न पाउने व्यवस्था थियो।

बैंक तथा वित्तीय संस्थाको संस्थापक सेयर किनबेचमा राष्ट्र बैंकले कडाइ गरेको छ। अब कुनै एक बैंक वा वित्तीय संस्थाको एक प्रतिशत वा सोभन्दा बढी संस्थापक सेयर धारण गर्ने वा गरेका सेयरधनीले सो संस्थाबाहेक अन्य कुनै बैंक वा वित्तीय संस्थाको जतिसुकै संस्थापक सेयर खरिद/बिक्री गर्नुपूर्व अनिवार्य रूपमा यस बैंकको स्वीकृति लिनुपर्ने भएको छ।

## युरोपेली...

नेसनल ब्युरो अफ स्टाटिस्टिक्सले गत महिना सार्वजनिक गरेको तथ्यांकले २०२१ मा त्यहाँको जीडीपी ८.२ प्रतिशतले वृद्धि भएको देखाउँछ। चीनको जीडीपी २०२० को तुलनामा तीन ट्रिलियन डलरले वृद्धि भई गत वर्ष १७.७ ट्रिलियन डलर पुगेको थियो। जुन समय इयुको भन्दा धेरै हो।

चीनमा कोभिड १९ को महामारीका बेलासमेत औद्योगिक उत्पादन र निर्यात मजबुत हुँदा अर्थतन्त्र वृद्धि भएको हो। इयुको भन्दा चीनको जीडीपी बढी हुनुको अर्को कारण युरोपेली युनियनबाट बेलायत बाहिरिनु पनि रहेको छ। गत महिना बेलायतको कन्सल्टेन्सी सीईबीआरले सार्वजनिक गरेको एक प्रतिवेदनमा सन् २०२० सम्ममा चीनले अमेरिकालाई उछिन्ने अपेक्षा गरिएको छ। तर संसारकै ठूलो अर्थतन्त्र बन्नका लागि चीनलाई त्यति सजिलो भने छैन। किनभने २०२१ मा अघिल्लो वर्षको तुलनामा अमेरिकाको जीडीपी २.१० ट्रिलियन डलरले बढेर झन्डै २३ ट्रिलियन डलर पुगेको थियो। आगामी वर्षमा समेत अमेरिकी अर्थतन्त्र निरन्तर बढ्ने देखिन्छ। यही कारण अमेरिकालाई उछिन्न त्यति सजिलो छैन। तर प्राविधिक तथा दक्ष कामदारको संख्या निकै धेरै रहेका कारण चीनलाई सहज हुने विश्लेषण भइरहेको छ।